# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ६७ | काठमाडौं | आइतबार, १५ असार २०८२ | Prabhab National Daily | Sunday, June 29, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## प्रतिनिधिसभाबाट पारित भयो नागरिकता विधेयक

- आमाको नामबाट नागरिकता पाउने व्यवस्था सुनिश्चित
- 'नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र बाबुको पहिचान नभएको व्यक्तिले तोकिएबमोजिम स्वघोषणा गरेमा अंगीकृत नेपाली नागरिकता प्राप्त गर्नसक्ने' व्यवस्था ।
- १६ वर्ष उमेर पूरा नभएको र बाबु वा आमामध्ये कम्तीमा एक जना नेपाली नागरिक रहेको नाबालकलाई नाबालक परिचयपत्र दिन सकिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** आमाको नामबाट नागरिकता पाउने व्यवस्था अब कानुनीरूपमै सुनिश्चित हुने भएको छ। प्रतिनिधिसभाको शनिबारको बैठकबाट 'नेपाल नागरिकता (दोस्रो) विधेयक, २०८२' बहुमतले पारित



> आमाको नामबाट नागरिकता पाउने व्यवस्था सुनिश्चित गर्नका लागि यो विधेयक आएको छ । नागरिकतासम्बन्धी विषयमा विभिन्न समयमा अदालतबाट भएका फैसलालाई यो विधेयकमार्फत कार्यान्वयनमा ल्याउन खोजिएको छ ।
>
> ■ **रमेश लेखक**
> गृहमन्त्री

भएसँगै नेपाली नागरिक आमाबाट जन्मिएका सन्तान नागरिकताविहीन हुनु नपर्ने भएको हो।

यद्यपि, उक्त विधेयक राष्ट्रिय सभाबाट पारित हुन बाँकी छ। राष्ट्रिय सभाले पारित गरेर राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि भने यो विधेयक कानुनको रूपमा कार्यान्वयनमा आउने छ। शनिबारको बैठकमा गृहमन्त्री रमेश लेखकले उक्त विधेयक पारित गरियोस् भनी प्रस्ताव पेस गरेका थिए। त्यसअघि शनिबार नै गृहमन्त्री लेखकले 'राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनसहितको नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक २०८१ माथि छलफल गरियोस्' भन्ने प्रस्ताव पेस गरेका थिए।

उक्त प्रस्ताव पेस गर्दै उनले नेपाली नागरिक आमाबाट जन्म भएका सन्तानले आमाकै नामबाट नागरिकता पाउने व्यवस्थालाई विधेयकमा प्रत्याभूति गरिएको बताए। 'आमाको नामबाट नागरिकता पाउने व्यवस्था सुनिश्चित गर्नका लागि यो विधेयक आएको छ। नागरिकतासम्बन्धी विषयमा विभिन्न समयमा अदालतबाट भएका फैसलालाई यो विधेयकमार्फत कार्यान्वयनमा ल्याउन खोजिएको छ,' गृहमन्त्री लेखकले भने। वैदेशिक रोजगारमा गएका महिलाहरूले विदेशमा सन्तान जन्माउने तर नेपाल फर्किंदा त्यस्ता सन्तानले नागरिकताविहीन हुनुपर्ने अवस्था नरहने उनको भनाइ छ।

क्रमशः पृष्ठ २ मा

## कोमामा पहिचान आन्दोलन

■ जेबी योञ्जन

**काठमाडौं–** देशको पूर्वी भेगमा उठेको पहिचान आन्दोलन कमजोर भएको छ। विगतमा कोशी नाम खारेजी संघर्षकै जगमा पहिचान आन्दोलन उठेको थियो। पहिचानपक्षधरहरूको मुद्दा सडक र सदनमा उठ्थ्यो। पहिचान आन्दोलन सशक्त थियो।

राजनीतिशास्त्री लोकराज बरालको विश्लेषणमा पहिचान आन्दोलन निकै कमजोर बनेको छ। उनको विचारमा तीन कारणले पहिचान आन्दोलन कमजोर बन्यो। पहिलो- आन्दोलनमा सर्वमान्य नेता अभाव। दोस्रो- मार्गचित्रविनाको पहिचान आन्दोलन र तेस्रो- राज्यको दमन।

१७ फागुन २०७९ मा तत्कालीन १ नम्बर प्रदेशको नाम प्रदेश संसद्को दुईतिहाइ बहुमतले कोशी राखेपछि पहिचानपक्षधरहरूले प्रदेश राजधानी विराटनगर, झापा, सुनसरीसँगै पाँचथर, इलाम, ताप्लेजुङलगायत पूर्व पहाडमा आन्दोलन गरे। आन्दोलनको नेतृत्व राजनीतिक दल होइन, सामाजिक संस्थाले गऱ्यो। राजनीतिशास्त्री बराल सामाजिक संस्थाले गर्दा आन्दोलनमा पहिचानपक्षधरहरूको सर्वमान्य नेता नदेखिएको बताउँछन्। हुन पनि आन्दोलनको नेतृत्व चक्रिय प्रणालीमा सामाजिक संस्था आदिवासी जनजाति महासंघ र त्यसअन्तर्गतका जातीय संस्थाका नेतृत्वले गर्ने गरिन्थ्यो। आन्दोलनको नेतृत्वका लागि भने पूर्वमाओवादी नेता गोपाल किराती,





फाइल तस्विर



> पहिचान आन्दोलन निकै कमजोर बनेको छ । मुख्यत: तीन कारणले पहिचान आन्दोलन कमजोर बन्यो । पहिलो- आन्दोलनमा सर्वमान्य नेता अभाव । दोस्रो- मार्गचित्रविनाको आन्दोलन र तेस्रो- राज्यको दमन ।
>
> ■ **लोकराज बराल**
> राजनीतिशास्त्री



> थुप्रैले भनेको सुन्छु, पहिचान आन्दोलन शिथिल भयो । कमजोर भयो । थला पऱ्यो । तर, त्यस्तो होइन । पहिचान आन्दोलनको दियो जनजनको मनमनमा बल्यो, त्यो निभ्दैन ।
>
> ■ **डा. महेन्द्र लावती**
> प्राध्यापक

प्रा.डा. महेन्द्र लावतीदेखि आङाजी शेर्पासम्मले प्रयास गरेकै हुन्। तर, राजनीतिक नेतृत्वहरूलाई आन्दोलनको नेतृत्व बनाइएन जसले पहिचान आन्दोलन नेतृत्वविहीन भयो। अन्ततः आन्दोलन कमजोर बनेको बरालको विश्लेषण छ।

पहिचान आन्दोलन उठ्दै गर्दा पहिचानपक्षधरहरूले यदि प्रदेशको पुनःनामकरण गर्ने स्थिति आए नाम के राख्ने भन्ने सहमति जुटाउन सकेनन्। कोशी पूर्वका नौ जिल्लालाई ऐतिहासिक पृष्ठभूमिका आधारमा लिम्बुवान राज्य घोषणा गर्नुपर्ने माग लिम्बुवानजन्य दलहरू माग गर्छन्। कोशीवारीका जिल्लामा क्रियाशील पहिचानपक्षधर कतिपय दल र सामाजिक संस्थाले खम्बुवानको माग छाडेनन्। माओवादीलगायत दलले किरात शब्द सर्वमान्य हुने भन्दै अघि सारे। त्यहीबीच झापा, मोरङ र सुनसरीलाई कोच राज्य बनाउनुपर्ने माग पनि पहिचानपक्षधरहरूको आन्दोलनकै बीच उठ्यो। यी तथ्यहरूले पहिचान आन्दोलनकारीहरू प्रदेशको साझा नाम प्रस्ताव गर्न पनि असमर्थ छन्।

अर्कोतिर, उनीहरू पहिचान आन्दोलनलाई एकत्रित पार्न पनि अक्षम भए। आन्दोलन मार्गचित्रविहीनतामा पनि देखिन्छ। मार्गचित्रविनाको आन्दोलन उपलब्धिहीन हुने अर्का राजनीतिक विश्लेषक भीम भुर्तेल बताउँछन्।

'पहिचान पहिचान भनियो। सकियो। कम्तीमा लक्षित राजनीतिक अभीष्ट पूरा गर्न यो-यो गर्ने भनेर खाका बनाउनुपर्छ। सडकमा निस्केर हा हु गर्दैमा पहिचान आउँदैन,' उनले प्रभावसँग भने, 'एउटा व्यवस्थित खाका त चाहिन्छ, जसले आन्दोलनलाई उद्देश्यपूर्ण बनाउँछ।'

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## संस्थागत रूपमा कोरिया, जापान, युरोप पठाउन पाउने भएसँगै व्यवसायी खुसी

### विज्ञ भन्छन्- सैद्धान्तिक हिसाबले ठीक छ, तर आशंका गर्ने ठाउँ धेरै छन्

■ ममता थापा

**काठमाडौं–** सरकारले कोरिया, जापान र युरोपमा संस्थागत माध्यमबाट श्रमिक पठाउन मिल्नेगरी विभिन्न कार्यविधि संशोधन गरेपछि वैदेशिक रोजगार व्यवसायीमाझ खुसी छाएको छ। रोजगार गन्तव्य विस्तार भएसँगै संस्थागत तवरबाट श्रमिक पठाउन पाउने मुलुकको सूची पनि लामो हुने भएको छ। यसले उनीहरूको व्यवसायलाई थप सुदृढ बनाउने नै छ। नेपाली श्रमिकले पनि खाडीमात्र नभई अन्य धेरै गन्तव्य मुलुक छानेर जान पाउने भएका छन्। जहाँ खाडीको भन्दा राम्रो सेवा सुविधाका साथै बढी पारिश्रमिक पनि पाइन्छ। यो श्रमिक र व्यवसायी दुवैका लागि सुखद पक्ष हो।

व्यवसायीले विगतदेखि नै यी



> सरकारले जे गरेको छ त्यो सैद्धान्तिक हिसाबले ठीकै गरेको छ तर कतिपय अवस्थामा असफलताहरु र लाचारीहरु देखिएका छन् । विगतका अभ्यासलाई हेर्दा सरकारले मुद्दाको सम्बोधन भन्दा पनि आफ्नो दुनो सोझ्याउन यस्ता नीतिहरु ल्याउने गरेको पाइएको छ ।
>
> ■ **रामेश्वर नेपाल**
> श्रमविद्

मुलुकहरूमा श्रमिक पठाउन पाउनुपर्ने माग राख्दै आएका थिए। श्रमिकलाई



> व्यवसायलाई सम्मानित र कामदारलाई सुरक्षित बनाउनने संघको मूल मन्त्र नै हो । यदि कसैले यसको फाइदा उठाएर गलत गर्छ भने कारबाही हुन्छ । गलतलाई प्रोत्साहन दिने काम संघले गर्दैन ।
>
> ■ **भुवनसिंह गुरुङ**
> अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

खाडीको तातो घामबाट अन्य मुलुकमा 'सिफ्ट' गर्न चाहेको उनीहरूको भनाइ थियो। व्यवसायीमात्र नभई सरकार आफैंले विभिन्न समयमा गरेको अध्ययनले पनि नेपालको बेरोजगारीलाई केही हदसम्म व्यवस्थित गरेका खाडी मुलुकमाथिको निर्भरता कतिपय अवस्थामा जोखिमपूर्ण पनि हुनसक्ने भन्दै गन्तव्य मुलुकको विविधीकरण गर्नुपर्ने आवश्यकता औंल्याएका थिए।

सरकारले विभिन्न अध्ययनमार्फत विज्ञले दिएका सुझाव र व्यवसायीको मागको सम्बोधन गरिदिएको छ। मानवअधिकारको अवस्था राम्रो भएका मुलुकमा श्रमिक पठाउन यस्तो गरिएको सरकारको दाबी छ। तर यसबाट व्यवसायीले मात्र फाइदा लिन्छन् या रोजगारीमा जाने श्रमिकहरू पनि लाभान्वित हुन्छन् भन्ने प्रश्न उब्जिएको छ।

क्रमशः पृष्ठ २ मा

## श्रमिकको स्वास्थ्य रक्षाको नेपाली मुद्दामा समर्थन जुटाउन पहल

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले विश्वस्वास्थ्य संगठनमा नेपालका तर्फबाट प्रस्ताव गरिएको श्रमिकको स्वास्थ्य रक्षाका मुद्दालाई प्रभावकारी बनाउन संवाद अघि बढाएका छन्।

संगठनका कार्यकारी समिति सदस्यसमेत रहेको नेपालले यस मुद्दा आगामी महासभामा लैजान गृहकार्य गरिरहेको छ। यसै सन्दर्भमा थाइल्याण्डको बैंककस्थित राष्ट्रसंघीय सम्मेलन केन्द्रमा मन्त्री पौडेलले संगठनकी दक्षिणपूर्वी एसिया क्षेत्रीय निर्देशक साइमा वाजेदसँग नेपालको एजेण्डाको तयारी र यसमा जुटाउन सकिने विश्व समर्थनबारे विषय उठान गरे। मन्त्री पौडेलले भने, 'हाम्रा धेरै श्रमिक अहिले रोजगारीका क्रममा बाहिर छन्। उनीहरूको स्वास्थ्य समस्या हाम्रा लागि चिन्ताको विषय बनेको छ।

क्रमशः पृष्ठ २ मा


सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरुमा

**हार्दिक अनुरोध !**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरेवापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०८२ असार १५ गतेभित्र भुक्तानी** गरी हरहिसाब मिलान गर्नुहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता तथा एजेन्सीहरुसँग सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने अपेक्षा गर्दछौं ।

लेखा शाखा
**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com





सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निः सन्तानपन सम्बन्धी उपचार
HARDIK IVF and Fertility Center
Where Miracles Come to Life
हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

पृष्ठ १ बाट क्रमशः

## कोमामा पहिचान...

पहिचान आन्दोलन पछिल्ला दिनमा ताप्लेजुङको मुक्कुम्लुङ भनिने पाथिभरा र काठमाडौंको शंखरापुर नगरपालिकाको बोझेनीमा केही महिना चल्यो । यतिबेला भने कमजोर छ । पहिचानपक्षधरहरू आन्दोलन गर्नै नसक्ने अवस्थामा पुगेको कतिपयको टिप्पणी छ । यो स्थिति आउनुमा आन्दोलनकारीमाथि प्रहरी दमनको रूपमा अर्थ्याइने गरिएको छ । भुर्तेल भन्छन्, 'ताप्लेजुङमा आन्दोलनकारीमाथि सरकारले बल प्रयोग गर्‍यो । आन्दोलनकारीले पनि प्रतिकार गरे । तर, आन्दोलन उठ्दै नउठ्नेगरी कमजोर बनेको हो कि ?'

विगतमा कोशी नाम खारेजी आन्दोलन चलिरहेकै बेला धरानमा गोरुको मासुकाण्डले तहल्का पिट्यो । त्यहीबीच १५ वैशाख २०८१ मा उपचुनाव भयो । इलाम-२ मा भएको उपचुनावमा पहिलोपटक पहिचानपक्षधरको जनमत परीक्षण भयो । पुराना दलहरू एमाले-कांग्रेसमाथि नै चुनौती थपिनेगरी जनअभिमत पहिचानपक्षधरको कित्तामा प्रकट भएपछि उनीहरू उत्साहित बने । त्यहीबीच बोझेनी र मुक्कुम्लुङ एकैसाथ उठ्यो । करिब चार महिना उठेर आन्दोलन सेलाएको छ ।

तर, पहिचानपक्षधर नेता डा. लावतीले पहिचान आन्दोलन कमजोर नभइ अझ सशक्त भएको दाबी गरे । 'थुप्रैले भनेको सुन्छु, पहिचान आन्दोलन शिथिल भयो । कमजोर भयो । थला पर्‍यो । तर, त्यस्तो होइन,' उनले भने, 'पहिचान आन्दोलनको दियो जनजनको मनमनमा बल्यो, त्यो निभ्दैन ।'

पहिचानपक्षधरहरूलाई एकताबद्ध गर्ने अभियानमा रहेको लावती बताउँछन् । उनी नेतृत्वमा पहिचानवादी मोर्चा छ । उपेन्द्र यादव नेतृत्वको जसपा नेपालबाट अलग भएर लावतीले आफ्नै नेतृत्वमा पहिचानवादी मोर्चा स्थापना गरेका हुन् । मोर्चालाई दलको आकार दिने प्रयासमा उनी छन् ।

पूर्वमन्त्री गोपाल किराती पछिल्ला दिनमा पहिचान आन्दोलनमा सक्रिय छैनन् । उनी भिन्दै राजनीतिक शक्ति निर्माणको अभियानमा छन् । संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका अध्यक्ष कुमार लिङ्देन, संघीय लिम्बुवान राज्य परिषद्का अध्यक्ष सञ्जुहाङ पालुङ्वा, लिम्बुवान मुक्ति मोर्चाका अध्यक्ष वीर नेम्बाङलगायत नेताहरू त पहिचान आन्दोलन भन्दा पनि एकअर्काको कटाक्ष गर्नैमा व्यस्त छन् । यस्तोमा अन्य राजनीतिक दल, सामाजिक संस्था, समूह र अभियानले पनि पहिचान आन्दोलनलाई थप सशक्त बनाउने प्रयास विगतमा गरे । तर, यतिबेला त्यस्तो छैन । राजनीतिक विश्लेषक भुर्तेलको विचारमा यस्तो परिस्थितिमा राजनीतिक आन्दोलन उठ्दैन । थप कमजोर हुन्छ ।

■ ■ ■

## प्रतिनिधिसभाबाट...

विधेयकमा 'नेपालको नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको र बाबुको पहिचान नभएको व्यक्तिले तोकिएबमोजिम स्वघोषणा गरेमा अंगीकृत नेपाली नागरिकता प्राप्त गर्नसक्ने' व्यवस्था राखिएको छ । त्यस्तै, १६ वर्ष उमेर पूरा नभएको र बाबु वा आमामध्ये कम्तीमा एक जना नेपाली नागरिक रहेको नाबालकलाई नाबालक परिचयपत्र दिन सकिने व्यवस्था विधेयकमा राखिएको छ ।

विधेयकमाथिको छलफलका क्रममा सांसद प्रकाश ज्वालाले यो विधेयक पारित भएर कार्यान्वयनमा आएपछि आमाको नामबाट नागरिकता पाउने बाटो खुल्ने विश्वास व्यक्त गरे । वास्तविक नेपाली नागरिक नागरिकता पाउनबाट बञ्चित हुन नपरोस् र गैरनागरिकले कुनै पनि अवस्थामा नागरिक नपाओस् भनेर कानुनी व्यवस्था गर्न यो विधेयक महत्त्वपूर्ण हुने सांसद ज्वालाले बताए ।

सांसद ज्वालाकुमारी साहले राष्ट्रिय सुरक्षा, एकता र सम्प्रभुतामा असर नपर्नेगरी नागरिकतासम्बन्धी व्यवस्था गर्न यो कानुन आवश्यक रहेको बताइन् । त्यस्तै, नेपाली महिलाले विदेशी नागरिकसँग विवाह गरेको अवस्थामा त्यस्ता अभिभावकबाट जन्मेका सन्तानले आमाको नामबाट नेपाली नागरिकता लिन चाहेमा त्यस्ता नागरिक अब नागरिकताविहीन हुनुपर्ने अवस्था हट्ने उनको भनाइ छ ।

सांसद प्रेम सुवालले सीमा क्षेत्रका नागरिकले जहिल्यै नागरिकतासम्बन्धी समस्या भोग्नु परेको बताउँदै यसमा विधेयकमार्फत स्पष्ट व्यवस्था ल्याइनुपर्ने बताए । आमाको नामबाट नागरिकता दिने व्यवस्था राम्रो भए पनि बाबुको खोजी गर्न आवश्यक रहेको धारणा उनले राखे ।

सांसद रामकृष्ण यादवले यो विधेयक पारित भएर कार्यान्वयनमा जाँदा नागरिकतासम्बन्धी अहिले देखिएका समस्या समाधान हुने विश्वास व्यक्त गरे । तराईका जिल्लामा नागरिकतासम्बन्धी समस्या धेरै रहेको उल्लेख गर्दै उनले नागरिकताविहीन व्यक्तिहरू राज्यबाट पाउनुपर्ने सेवा सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था रहेको बताए । यो विधेयकमा राखिएका व्यवस्थाले त्यस्ता व्यक्तिको समस्या समाधान गर्ने सांसद यादवको भनाइ थियो ।

सांसद रञ्जुकुमारी झाले आमाको नामबाट नागरिकता दिन मिल्ने भनेर सर्वोच्च अदातलले दिएको आदेशको नजिर कार्यान्वयन हुनेगरी यो विधेयक आएको बताइन् । सांसद चित्रबहादुर केसीले नागरिकताको विषयमा सदनमा धेरै छलफल र विमर्श भएको भए पनि भारतसँगको खुला सीमाका कारण देखिएको नागरिकतासम्बन्धी विवाद र समस्यालाई यो विधेयकले समाधान गर्न नसक्ने भन्दै चिन्ता व्यक्त गरे । विधेयकमाथि सांसदहरू रूपा सोशी चौधरी, शेरबहादुर कुँवर, माधव सापकोटा, मुक्ताकुमारी यादव, नारायणी शर्मा, पूर्णबहादुर घर्ती, भगवती चौधरी, अमृतलाल राजवंशी, कान्तिका सेजुवाल, सुशिला थिङ, अमृतादेवी अग्रहरीलगायतले आफ्नो धारणा राखेका थिए ।

■ ■ ■

## संस्थागत रूपमा...

सरकारको यो चलाखीपूर्ण निर्णयबाट व्यवसायीमात्र मोटाउने त होइनन् ? भन्ने चिन्ताको विषय छ ।

सरकारले गन्तव्य मुलुक र रोजगारीका क्षेत्रहरूको विविधीकरण गर्नु सही भएको श्रमविद् रामेश्वर नेपाल बताउँछन् । सरकार आफैंले सबै काम गर्न सक्दैन, त्यसैले यसको जिम्मेवारी निजी क्षेत्रलाई दिनु पनि सिद्धान्ततः ठीकै भएको उनको भनाइ छ । यति हुँदाहुँदै कतिपय नीतिहरू सरकारले समस्याको सम्बोधन गर्न भन्दा पनि आफ्नो स्वार्थका लागि ल्याएका उदाहरणहरू पनि भएकाले आशंका गर्ने ठाउँ भएको उनले बताए । रोजगारी सिर्जनालगायत अन्य आर्थिक गतिविधिमा निजी क्षेत्रको महत्त्वपूर्ण योगदान हुँदाहुँदै उनीहरू जवाफदेही नहुँदा सधैं शंकाको घेरामा पर्ने गरेको नेपालको भनाइ छ ।

'सरकारले जे गरेको छ त्यो सैद्धान्तिक हिसाबले ठीकै गरेको छ तर कतिपय अवस्थामा असफलताहरू र लाचारीहरू देखिएका छन् । विगतका अभ्यासलाई हेर्दा सरकारले मुद्दाको सम्बोधन भन्दा पनि आफ्नो दुनो सोझ्याउन यस्ता नीतिहरू ल्याउने गरेको पाइएको छ । अर्कोतर्फ निजी क्षेत्रले एक्सप्लोइटेटिभ र एब्युसिभ प्राक्टिस गर्दै आएको छ,' उनले भने, 'सरकारले उनीहरूलाई जवाफदेही बनाउन सक्दैन । किनकि उनीहरूसँग पावर र पैसा छ । त्यो प्रलोभनमा अधिकारीहरू पर्दा रहेछन् । यसर्थ के नागरिहरूलाई सुरक्षितसँग रोजगारीमा लैजान्छन् ? उनीहरू अर्को एक्सप्लोइटेसनको चक्रव्यूहमा त पर्दैनन् ? भन्ने आशंका मेरो पनि छ ।'

श्रमिकहरू खाडी जाँदा एक-दुई लाखको जोखिम मोल्नपर्थ्यो भने युरोपका लागि १० लाखको जोखिम मोल्नपर्ने हुनसक्छ । व्यवसायी सजग नहुने हो भने आकर्षक गन्तव्यको नाममा बेरोजगार युवाहरूमाथि पर्न जाने जोखिमको भारले उनीहरू झन् बढी थिचिने छन् । श्रमविद् नेपालका अनुसार लाखौं युवालाई रोजगारीसँग जोडिदिएका व्यवसायीले सरकारले बनाएका नियम कानुनमात्र मान्ने हो, श्रमिकमाथि हुने ज्यादतिको शृंखला ठूलो मात्रामा घट्छ र व्यवसायको छवि पनि राम्रो हुन्छ । सरकारले भएका राम्रा प्रावधानलाई कार्यान्वयनमा ल्याएर नियमको उल्लंघन गर्नेलाई नियमनको दायरामा ल्याउनुपर्ने उनको भनाइ छ ।

'अहिलेसम्म सरकारले रोजगारीको नाममा ठगी गर्ने कतिवटा म्यानपावरको लाइसेन्स खारेज गर्‍यो ? यस्ता केसहरू भेटिँदैनन्,' श्रमविद् नेपाल भन्छन्, 'व्यवसायीका संघ संगठनहरूले पनि यस्ता अभ्यास गर्नेलाई बहिष्कार गर्ने या कुनै हिसाबले दण्डित गर्नुपर्छ, र जिम्मेवार बन्नुपर्छ ।'

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङ संस्थागतरूपमा जापान, कोरिया तथा युरोपेली मुलुकमा कामदार पठाउने पाउनेगरी गरिएको व्यवस्था स्वागतयोग्य रहेको बताउँछन् । यो अवसरलाई व्यवसायीले इमानदारसाथ उपयोग गर्नुपर्ने उनको भनाइ छ । विगतमा जस्तै म्यानपावरबाट कामदार ठगिने हुन् कि ? भन्न प्रश्नमा उनले संघ त्यसको विरुद्धमा रहने उभिने बताए । यदि कोही व्यवसायीले नियम कानुनविपरीत काम गर्छ भने ऊ कानुनको कठघरामा जाने र त्यस्ता व्यवसायीलाई संघले संरक्षण नगर्ने उनी बताउँछन् । 'कसरी व्यवसायलाई सम्मानित र कामदारलाई सुरक्षित बनाउन सकिन्छ भन्ने नै संघको मूल मन्त्र हो । यदि कसैले यसको फाइदा उठाएर गलत गर्छ भने कारबाही हुन्छ । गलतलाई प्रोत्साहन दिने काम संघले गर्दैन,' अध्यक्ष गुरुङले भने ।

■ ■ ■

## श्रमिकको स्वास्थ्य...

सबै श्रमिक देशका साझा समस्यालाई सम्बोधन गर्न पर्याप्त गृहकार्य आवश्यक छ ।' जवाफमा निर्देशक वाजेदले नेपालको एजेण्डामा समर्थन जुट्ने विश्वास गर्दै आफ्ना तर्फबाट समन्वयात्मक पहल हुने प्रतिबद्धता व्यक्त गरे ।

हालै सम्पन्न विश्व स्वास्थ्य संगठनको महासभामा नेपालले आगामी महासभामा नेपाली श्रमिकले भोगिरहेको स्वास्थ्य समस्या सम्बोधन गर्न सबै श्रमिकको स्वास्थ्यको जिम्मेवारी रोजगारदाताले लिनुपर्ने प्रस्ताव पठाएको थियो । जसलाई आगामी महासभामा नेपालका तर्फबाट पेस गरिने छ । मन्त्री पौडेलले हालै मात्र सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा विदेशबाट फर्किएका श्रमिकको निःशुल्क परीक्षण तथा नियमित 'भर्चुअल' स्वास्थ्य सेवा दिन गरेको निर्णय कार्यान्वयनमा आइसकेको छ ।

# प्रधानमन्त्री ओली स्पेन प्रस्थान

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओली स्पेन शनिबार स्पेन प्रस्थान गरेका छन् । सेभियामा यही असार १६ देखि १९ गतेसम्म आयोजना हुने संयुक्त राष्ट्रसंघीय 'विकासका लागि वित्तसम्बन्धी चौथो अन्तर र्राष्ट्रिय सम्मेलन'मा भाग लिने २१ सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै उनी त्यसतर्फ प्रस्थान गरेका हुन् ।

प्रधानमन्त्री ओलीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह, गृहमन्त्री रमेश लेखक, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे र मुख्यसचिव एकनारायण अर्यालले बिदाइ गरे ।

'इन्टरनेसनल कन्फरेन्स अन फाइनान्सिङ फर डेभलपमेन्ट अफ युनाइटेड नेसन्स् (एफएफडी-४)' का लागि राष्ट्रसंघका महासचिव एन्टेनियो गुटेर्रेस र स्पेनका प्रधानमन्त्री पेड्रो साञ्चेजको मैत्रीपूर्ण निमन्त्रणमा उनी शनिबार अपराह्न त्यसतर्फ प्रस्थान गरेका हुन् । सम्मेलनमा सरकार प्रमुख, विश्व र क्षेत्रीय संस्था, वित्तीय र व्यापारिक संस्था, व्यवसायी, नागरिक समाज तथा राष्ट्रसंघीय निकायका प्रतिनिधि सहभागी हुने छन् ।

परराष्ट्र मन्त्रालयका अनुसार सम्मेलनमा नेपालले अल्पविकसित, साना र टापु मुलुकका विकासका चुनौतीबारे आफ्नो धारणा राख्ने छ । दिगो विकासका लागि तत्काल र दीर्घकालीन लगानीका चुनौतीमा घटाउने सम्बन्धमा सम्मेलन केन्द्रित हुने छ । स्पेनमा रहँदा प्रधानमन्त्री ओलीले विभिन्न मुलुकका आफ्ना समकक्षी तथा राष्ट्रप्रमुखसँग बेग्लाबेग्लै भेटवार्ता गर्ने कार्यक्रम छ ।

प्रधानमन्त्री ओलीले स्पेनका नरेश फिलिप द्वितीयसँग शिष्टाचार भेट तथा समकक्षी साञ्चेजसँग पनि भेटवार्ता गर्ने कार्यक्रम छ । उनी यही असार २० गते शुक्रबार अपराह्न स्वदेश फर्कने कार्यक्रम छ ।

# वैदेशिक रोजगारीको नाममा ठगीको अभियोगमा पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी सर्बिया पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-९ बस्ने पर्सा सखुवा प्रसौनी गाउँपालिका-६ घर भएका २३ वर्षीय सुनिलकुमार सोनारलाई पक्राउ गरिएको छ ।

सुनिलले सर्बिया पठाइदिन्छु भन्दै दुई जना पीडितबाट १० लाख रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडैं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले निजलाई काठमाडौं महानगरपालिका-१० बाट बिहीबार पक्राउ गरेको हो। केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार निजलाई कारवाहीको लागि वैदेशिक रोजगार विभागको जिम्मा लगाइएको छ ।

यसैबीच, बैंकिङ कसूर मुद्दाका २ जना फरार प्रतिवादी पनि पक्राउ परेका छन् । तनहुँ बन्दिपुर गाउँपालिका-१ का ४७ वर्षीय विष्णुबहादुर भण्डारी र काठमाडौं महानगरपालिका-२६ गोंगबु बस्ने रोल्पा माडी गाउँपालिका-४ का ३८ वर्षीय प्रेमबहादुर विकलाई पक्राउ गरिएको हो । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट भएको प्रहरी टोलीले जिल्ला अदालत काठमाडौंको २०८० मंसिर २७ गतेको फैसलाले बैंकिङ कसूर मुद्दामा ११ लाख रूपैयाँ जरिवाना र एक महिना कैद सजाय ठहर भई फरार रहेका भण्डारीलाई काठमाडौं महानगरपालिका-३महाराजगञ्जबाट शुक्रबार पक्राउ गरेको हो । साथै सोही मुद्दामा फरार रहेका विकलाई काठमाडौं महानगरपालिका-२६ गोंगबुबाट बिहीबार प्रहरीले पक्राउ गरेको हो ।

**काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम सूचना प्रकाशन मिति २०८२।०३।१५**

यस सामुदायिक वन उपभोक्ता समूह क्षेत्र भित्र पर्ने सालझण्डी सुगुरेढुङ्गा सडक आयोजना अन्तर्गत पर्ने रूखहरू कटान गर्दा उत्पादन भएको साल, कर्मा, असना, टाटरी, बाँझी, भद्रे जामुन, भलायो जागतको गोलिया ५८२९.०३ क्यू.फि. काठ र साल दाउरा १२ चट्टा, अन्य दाउरा १.५० चट्टा लिलाम विक्रि गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री जामुने सा.व.उ.स., रैनादेवी छहरा-७, पाल्पा ।**

**जनउद्धार सेवा समिति, टेकु, काठमाडौं**

**सिलबन्दी बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०३/१५**

जनउद्धार सेवा समितिको नाममा जग्गा धनि दर्ताप्रमाण पुर्जा भएका साविक सितापाइला ५ (ग) हाल नागार्जुन बडा नं. ५ का कि.नं. १४९,३६,११ समेतका जग्गा मध्ये कि.नं. १४९ (साविक ४८) मा बनेको घर र सो घरले चर्चेको करिव तीन रोपनी जग्गा बाहेक सो घर जग्गाको पूर्व तर्फ बनेका अन्य तीन बटा घर र बाँकी जग्गा भाडामा लगाउने र उक्त घर जग्गाको न्यूनतम मासिक भाडा (बहाल) रू १५००००/- (एक लाख पचास हजार) वहाल कर बाहेक कायम गरी घर जग्गा भाडामा दिने संचालक समितिको निर्णय भएको हुदाँ सो स्थानमा पर्यटन, शिक्षा, खेलकुद, कृषी मनोरन्जन समेतका कार्याक्रमहरु संचालन गर्ने उद्देश्य भएका नेपाल सरकारको सम्बन्धित निकायबाट स्वीकृत र इजाजत प्राप्त गरेका इच्छुक ब्यक्ति/फर्म/कम्पनीहरूले व्यवसाय संचालन गर्न भाडा रकम, कार्य योजना र उद्देश्य सहित नबिकरण भएका प्रमाण कागजहरु समेत समावेश गरी १५ दिनभित्र कार्यालय समयमा बोलपत्र दर्ता गर्न सकिने छ । भाडा रकम, कार्य योजना र उद्देश्य प्रष्ट नभएका र आवश्यक प्रमाण कागजहरु समेत समावेश नगरिएका बोलपत्रहरु स्वीकृत गर्न संचालक समिति बाध्य हुने छैन । वहाल अवधि आपसी सहमतिमा कायम गरिनेछ । समयभित्र प्राप्त बोलपत्रहरु १६औं दिनको २:०० बजे संस्थाको कार्यालय का.म.पा.वडा नं. १२ पचली टेकुमा खोलिनेछ । उक्त दिन बिदा परेमा भोलिपल्ट सोही समयमा सोहि स्थानमा खोलिने ब्यहोरा सम्बन्धित सबैको लागी यो सूचना प्रकाशित गरिएको छ।

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

आइतबार, १५ असार, २०८२

| | |
|---|---|
| मेष | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| वृष | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| मिथुन | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| कर्कट | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| सिंह | सुखद समाचारले उत्साह जगाउनेछ । |
| कन्या | रोकिएका काम सम्पादन हुनेछ । |
| तुला | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| वृश्चिक | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| धनु | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| मकर | मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| कुम्भ | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| मीन | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१५ असार , २०८२ (२९ जुन, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.८४ | १३७.४४ |
| युरो | १ को | १६०.१४ | १६०.८४ |
| पाउन्ड स्टिर्लङ | १ को | १८७.६१ | १८८.४४ |
| स्विस फ्रैन्क | १ को | १७०.६७ | १७१.४१ |
| अस्ट्रेलियन डलर | १ को | ८९.४१ | ८९.८० |
| क्यानाडियन डलर | १ को | १००.०० | १००.४३ |
| सिङ्गापुर डलर | १ को | १०७.२९ | १०७.७६ |
| जापानी येन | १० को | ९.४८ | ९.५२ |
| चिनियाँ युआन | १ को | १९.०८ | १९.१७ |
| साउदी अरब रियाल | १ को | ३६.४९ | ३६.६५ |
| कतारी रियाल | १ को | ३७.५४ | ३७.७१ |
| थाई भाट | ख १ को | ४.२१ | ४.२३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.२६ | ३७.४२ |
| मलेसियन रिङेट | १ को | ३२.३६ | ३२.५० |
| दक्षिण कोरियन वन | १०० को | १०.०९ | १०.१४ |
| स्विडिस क्रोनर | १ को | १४.४६ | १४.५२ |
| डेनिस क्रोनर | १ को | २१.४६ | २१.५६ |
| हङकङ डलर | १ को | १७.४३ | १७.५१ |
| कुवेती दिनार | १ को | ४४७.६७ | ४४९.६४ |
| बहराइन दिनार | १ को | ३६२.७५ | ३६४.३४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**रोपाइका लागि तयार खेत** | तनहुँको व्यास नगरपालिका–११ शेरामा रोपाइँका लागि तयार गरिएको खेत । जिल्लाका विभिन्न ठाउँमा रोपाइँ सुरु भएको कृषि ज्ञान केन्द्र तनहुँले जनाएको छ । *तस्बिरः कृष्ण न्यौपाने/रासस*

# प्राकृतिक जोखिममा परेकालाई उद्धार र क्षतिपूर्ति दिन सांसदहरूको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** सांसदहरूले प्राकृतिक जोखिममा परेकालाई तत्काल उद्धार गरी उचित क्षतिपूर्ति र राहत प्रदान गर्न आग्रह गरेका छन् । शनिबार प्रतिनिधिसभाको बैठकको आकस्मिक समयमा बोल्दै उनीहरूले नेपाल प्राकृतिकरूपमा उच्च जोखिममा रहेकाले विपद् न्यूनीकरणमा आवश्यक समन्वयको आवश्यकता औंल्याए ।

सांसद अर्जुननरसिंह केसीले असार १२ गते अविरल वर्षासँगै आएको बाढीले बगाउँदा ककनी गाउँपालिका–१ कागतीगाँउस्थित भसीबुमा एक महिलाको मृत्यु र एक पुरुष गम्भीर घाइते भएका जनाउँदै मृत्यु भएकालाई क्षतिपूर्ति तथा र घाइतेको उपचार, राहत र पुनःस्थापना गर्न माग गरे । उनले जोखिम न्यूनीकरणका लागि प्रदेश र स्थानीय सरकारबीच आवश्यक समन्वय हुनुपर्ने बताए ।

सांसदद्वय विमला सुवेदी र हितबहादुर तामाङले मनसुनजन्य विपद् न्यूनीकरणमा सरोकार भएका निकायबीच सहकार्य र समन्वय हुनुपर्ने बताउँदै जोखिममा परेकालाई तत्काल उद्धार र क्षतिपूर्ति दिन सरकारको ध्यानाकर्षण गराए । उनीहरूले मानवीय क्षतिसँगै चौपाया र तरकारीखेती नष्ट भएको भन्दै उपचार, क्षतिपूर्ति र राहतका लागि माग गरे ।

सांसद रामहरि खतिवडाले वर्षात्को मौसम सुरु भएसँगै ठाउँठाउँमा बाढीपहिराले सडक, राजमार्ग अस्तव्यस्त बनाएको बताए । उनले भने, 'असारे विकासले थप अप्ठ्यारो बनाएको छ । ७७ जिल्लामा विपद् तथा क्षति न्यूनीकरणका लागि तयारी अवस्थामा रहन गृह मन्त्रालयले आवश्यक तयारी गर्नुपर्छ ।'

सांसद माधव सापकोटाले सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका–५ की १२ वर्षीया बालिकाको बलात्कारपछि भएको हत्याले स्तब्ध बनाएको बताउँदै दोषीलाई अधिकतम कारबाही गर्न, पीडित परिवारलाई शीघ्र राहत, न्यायिक सहायता र मनोवैज्ञानिक परामर्श दिनुपर्ने माग गरे । उनले बलात्कारका घटनाले समाजमा कस्तो प्रकारको अपराधिक मानसिकता छ भन्ने देखाएको भन्दै यसलाई सिंगो राज्यले गम्भीरतापूर्वक लिन जरुरी रहेको धारणा राखे ।

सांसद प्रकाश ज्वालाले सरकारले नेपाल प्रहरी र सशस्त्र प्रहरीका सुरक्षाकर्मीलाई कतिपय भूतपूर्व मन्त्री, राजनीतिक दल, व्यापारीको सुरक्षामा खटाउनु ऐन तथा कानुनविपरीत र बेठीक रहेको धारणा राखे । उनले गृहमन्त्रीसँग खटाइएका ती सुरक्षाकर्मीहरू फिर्ता पठाउन माग गर्दै कति सुरक्षाकर्मी कहाँ–कहाँ खटिएका छन्, सोको विवरण माग गरे ।

सांसद ठाकुरप्रसाद गैरेले एसइईको नतिजामा आएको सुधार सकारात्मक रहेको बताउँदै आगामी दिनमा नतिजा थप सुधार गरी प्रभावकारी र गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालय शिक्षा विधेयक यथाशीघ्र पास गर्नुपर्ने माग गरे । सांसद मुक्ताकुमारी यादवले जनकपुरका कलाकार अभिनास झा (कलकतियाबाली) की श्रीमती अन्सा सदाको मृत्युको घटनाबारे छानबिन समिति गठन गर्न माग गरिन् ।

# नेत्रज्योति संघको सेवा विदेशमा

**काठमाडौं–** नेपाल नेत्रज्योति संघले मुलुकबाहिर आँखा सेवा उपलब्ध गराउन सुरुआत गरेको छ । २८ आँखा अस्पताल, २२४ उपचार केन्द्र र ४४ जिल्ला शाखाहरूको सञ्जालमार्फत स्वदेशमा आँखा उपचार सेवा प्रदान गर्दै आएको संघले यही असार १३ गते ओमानको राजधानी मस्कटमा रहेका नेपालीको निःशुल्क आँखा जाँच गरेको हो ।



ओमानस्थित नेपाली राजदूतावासको समन्वय र सहकार्यमा नेपाली नेत्रविशेषज्ञले मस्कटमा रहेका नेपालीको निःशुल्क आँखा जाँच गर्नुका साथै आवश्यक पर्ने बिरामीलाई चस्मासमेत वितरण गरेको छ । संघद्वारा सञ्चालित भरतपुर आँखा अस्पतालका प्रमुख मेडिकल डाइरेक्टर एवं नेत्ररोग विशेषज्ञ डा. पुष्पा गिरी श्रेष्ठको नेतृत्वमा मस्कटस्थित बदर अल समा अस्पताल र अल खुवेर अस्पतालमा आँखा परीक्षण शिविर आयोजना गरिएको थियो । शिविर आयोजनाका लागि त्यहाँस्थित नेपाली राजदूत डोरनाथ अर्यालले विशेष समन्वय र सहजीकरण गरेको संघले जनाएको छ ।

विभिन्न कामको सिलसिलामा मुलुकबाहिर गएका नेपालीलाई आँखा उपचारमा सहजता होस् भन्ने उद्देश्यले नेपाली राजदूतावाससँगको सहकार्यमा उक्त कार्यक्रमको आयोजना गरिएको संघका महासचिव भरतबहादुर चन्दले जानकारी दिए । उनका अनुसार आँखा परीक्षणपछि चश्मा आवश्यक देखिएका बिरामीलाई निःशुल्क चश्मा वितरण गरिएको थियो । प्रायः विदेशमा आँखा उपचार सेवा महँगो हुने गर्दछ । उनले भने, 'विदेशमा आँखा उपचार सेवा महँगो हुने गर्दछ । श्रमिकहरूलाई त्यहाँ उपचार गराउन कठिन हुनसक्छ भनेर उनीहरूको अवस्थालाई ख्याल गरेर आँखा परीक्षण कार्यक्रम राखेका हौं ।'

अन्य देशहरूमा रहेका नेपाली श्रमिकलाई लक्षित गरेर आँखा परीक्षण कार्यक्रम सञ्चालन गर्ने योजना बनाइएको महासचिव चन्दले जानकारी दिए । उनका अनुसार नेपालको आँखा उपचार सस्तो एवं गुणस्तरीयताका कारण अन्य देशका नागरिक पनि यहाँ आँखा उपचार गराउन आउने गर्दछन् ।

चन्दले भने, 'सबै नागरिकको पहुँचमा गुणस्तरीय आँखा सेवा पुर्‍याउँदै नेपाललाई आँखा उपचारको पर्यटन गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य लिएका छौं । यसै सेरोफेरोमा संघीय सरकारसँगको समन्वय र सहकार्यमा आफ्ना योजना र कार्यक्रम केन्द्रित छन् । विदेशमा हुने आँखा परीक्षण कार्यक्रमले विश्व समुदायमा नेपालको सेवाका बारेमा प्रचारप्रसार र प्रवर्द्धन हुने छ ।'

ओमानस्थित नेपाली राजदूतका अनुसार अनलाइनमार्फत नाम दर्ता गराएका नेपालीको आँखा परीक्षण गरिएको हो । यो कार्यक्रमको समीक्षापछि आगामी दिनमा ओमानका अन्य सहरमा नेत्रज्योति संघसँगको सहकार्यमा आँखा परीक्षण कार्यक्रम सञ्चालन गर्ने योजना रहको दूतावासले जनाएको छ ।

संघका अध्यक्ष प्रा.डा. चेतराज पन्तले विदेशमा नेपालीलाई लक्षित गरी सञ्चालन गरिने यस्ता कार्यक्रमले नेपाललाई आँखा उपचारको पर्यटन गन्तव्यका रूपमा विकास गर्ने संघको योजनामा थप मद्दत पुग्ने विश्वास व्यक्त गरे । उनले भने, 'नेपालको आँखा उपचार सेवा विश्वमा अब्बल छ भन्ने कुरालाई प्रमाणित गरेर नेपाललाई आँखा उपचारको हब बनाउन सकिन्छ । यसका लागि विदेशमा परीक्षण थालनी गरेका हौं ।'

संघका कार्यकारी निर्देशक डा. शैलेशकुमार मिश्रका अनुसार सन् २०२४ मा मात्र संघको सञ्जालमार्फत भारतलगायत अन्य छिमेकी मुलुकका करिब नौ लाख आँखाका बिरामीको परीक्षण गरिएको छ भने एक लाख ६० हजारभन्दा बढी बिरामीको शल्यक्रिया गरिएको छ । उनले भने, 'छिमेकी देशबाट जसरी हाम्रो आँखा उपचार सेवाको गुणस्तरीयताका कारण नागरिकहरू आइरहनुभएको छ त्यसरी हामीले अन्य देशका नागरिकलाई नेपालको आँखा उपचारका लागि आकर्षित गर्न सक्छौं ।' उनका अनुसारा स्थापनादेखि सन् २०२४ को अन्तिमसम्ममा संघका सञ्जालमार्फत नेपाली नागरिक तथा अन्य विभिन्न देशका नागरिक गरी चार करोड ६८ लाख ६८ हजार ६० जना बिरामीलाई आँखा उपचार सेवा प्रवाह गरिसकेको छ । यसैगरी ५३ लाख ९२ हजार २२४ जनाको आँखाको शल्यक्रिया भइसकेको संघले जनाएको छ । *रासस*

# एसइईमा जापानस्थित नेपाली विद्यालयको नतिजा उत्कृष्ट

**काठमाडौं (प्रस)–** राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको माध्यामिक शिक्षा परीक्षा (एसइई) २०८१ को नतिजामा जापानको टोकियोस्थित एभरेस्ट इन्टरनेसनल विद्यालयले उत्कृष्ट नतिजा हासिल गरेको छ ।



उक्त परीक्षामा त्यस विद्यालयबाट सहभागी २९ विद्यार्थीमध्ये छ जनाले चार जिपिए र बाँकीले ३.८ जिपिएभन्दा माथिको नतिजा ल्याएका विद्यालयका प्रधानाध्यापक विष्णुप्रसाद भट्टले जानकारी दिए ।

विद्यालयबाट उक्त परीक्षामा ११ जना छात्र र १८ जना छात्रा सहभागी भएका थिए । विद्यार्थीहरूको मिहेनत, शिक्षकको मार्गदर्शन र अभिभावकको सहकार्यले गर्दा विदेशमा रहेर पनि विद्यालयले उत्कृष्ट नतिजा हासिल गरेको उनको भनाइ छ ।

मुलुकबाहिरको एकमात्र नेपाली पाठचक्रमअनुसार अध्ययन हुने उक्त विद्यालयबाट पाँचौं समूहले एसइई परीक्षा दिएको थियो । उक्त विद्यालयमा नेपाल, भारत, बंगलादेश, जापान र जाम्बियाका ५०० बढी विद्यार्थी अध्ययनरत छन् । पाँच वर्षमा सो विद्यालयबाट ११३ जनाले एसइई उर्तीण गरिसकेको पनि प्रधानाध्यापक भट्टले बताए ।

जापानमा रहेका नेपाली समुदायको पहलमा सो विद्यालय सञ्चालनमा आएको हो । सन् २०१३ सालमा स्थापना भएको उक्त विद्यालयलाई जापानको शिक्षा मन्त्रालयले अन्तर्राष्ट्रिय विद्यालयसरहको मान्यता दिएको छ । त्यस विद्यालयले विज्ञान र व्यवस्थापन संकायमा कक्षा ११ र १२ मा पनि अध्ययन गराइरहेको छ ।

एभरेष्ट स्कूलले टोकियोकै आराकावा सहरमा नर्सरीदेखि कक्षा पाँचसम्म अध्ययन गर्ने गरी नयाँ विद्यालयसमेत खोलेको प्रधानाध्यापनक भट्टले जानकारी दिए ।


**साउदीमा रोजगार** कम्पनी : Infinity Business General Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/१२/०८ | LT. No. 326293 | चलानी नं. ६०२४०१७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 0 | 1000 | ३६,४६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २२ गते (6th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Career International Services (P.) Ltd.**
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३
Email : info@career-intl.com, Website : www.career-intl.com
License No. 646/063/064

**युएइमा रोजगार** कम्पनी : Luluat Al Jareena Paints Cont

पूर्व स्वीकृति मिति : २०८२/०३/१३ | LT. No. 326309 | चलानी नं. ६०२४०३०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT PRINTER | 5 | 0 | 1200 | ४४,६८२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Masons | 5 | 0 | 1200 | ४४,६८२ | | | | | | | |
| 3 | Painter | 5 | 0 | 1500 | ५५,८५३ | | | | | | | |
| 4 | TILE POLISHER | 5 | 0 | 1500 | ५५,८५३ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २२ गते (6th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OCTOPUS RECRUITMENT PVT.LTD**
Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655,
Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com
श्रम इजाजत नं. ९७५/०६७/०६८

**MAURITIUS मा रोजगार** कम्पनी : SUPER CONSTRUCTION CO LTD

पूर्व स्वीकृति मिति : २०८०/१२/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१३ | LT. No. 303131 | चलानी नं. ६०२१८०१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter Grade II | 60 | 0 | 16665 | ५०,४६० | श्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason Grade II | 117 | 0 | 16665 | ५०,४६० | | | | | | | |
| 3 | steel fixer grade II | 20 | 0 | 16665 | ५०,४६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः
- Butwal, Tilottama Institute of Training & Trade Test Center Pvt.Ltd. Tilottama-4 मा मितिः २०८२ असार २१ गते (5th Jul. 2025) मा हुनेछ ।
- Janakpur, Access Partner Training Center Pvt Ltd., Janakpur-8 मा मितिः २०८२ असार २२ गते (6th Jul. 2025) मा हुनेछ ।
- Itahari, Munal Training Center Pvt. Ltd. Itahari-4 मा मितिः २०८२ असार २३ गते (7th Jul. 2025) मा हुनेछ ।
- Itahari, Anjali Skill Development Training Center Pvt. Ltd. Itahari-9 मा मितिः २०८२ असार २३ गते (7th Jul. 2025) मा हुनेछ ।
- Damak, Octopus Technical Center Pvt. Ltd. Damak-5 मा मितिः २०८२ असार २४ गते (8th Jul. 2025) मा हुनेछ ।
- Birtamod, Jhapa Technical Center Pvt. Ltd. Birtamod-1 मा मितिः २०८२ असार २५ गते (9th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 303131 मितिः २०८२/०३/१४ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**GRACE OVERSEAS PVT. LTD.**
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067


**Government of Nepal**
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Water Resources and Irrigation**
**Koshi and Bakraha River Management Project, Morang**

**(Date of publication: 2082-03-15 (29th June, 2025)**
**Letter of Intent (LOI)**

This is to notify all concerned bidders that pursuant to clause 27 sub clause 2 and Clause 47 of the Public Procurement Act 2063, we intend to award the following contract in the table below, published in Baisakh 21, 2082 (4th May, 2025) on "Himalaya Times". The Bidder's bid price is as follows:

| Contract No | Contract Name | Lowest evaluated Substantially Responsive Bidder | Bid Amount, NRs (including Vat and PS) |
|---|---|---|---|
| KBRMP/ WORKS/Lohandra/ NCB- 13/2081-82 | Construction of Embankment & Revetment with Launching Apron at Belbari-01, East of Church, Lal Bhitti (Right Bank), Belbari-02, West of Bus Park & Bandh Dada (Left Bank) in Lohandra River, Morang | M/S DCE-SC-AC Joint Venture, Kathmandu-14, Kalanki | 34,025,978.71 |
| KBRMP/WORKS/ Lohandra/NCB-14/2081-82 | Construction of Embankment & Revetment at Kathari-4, Nayabazar (Downstream) (Right Bank) & Jahada-4, Shanti Tole (Left Bank) & Jahada-07 Sirisiya, Santhal sangrahalay (Left Bank), in Lohandra River Morang | M/S RNC-DCE-INCON JOINT VENTURE Lalitpur-05, Manbhawan | 20,562,059.28 |
| KBRMP/WORKS/ Chisang/NCB-15/2081-82 | Construction of Embankment & Revetment with Launching Apron at U/S & D/S of Suspension Bridge, Kanepokhari-01, Jharanaguttu (Left Bank), Kanepokhari-02, Mainabari, (Right Bank) and Belbari-08, Namuna Tole, (Right Bank) in Chisang River Morang | DCE-SC-BNS-JV, Tarkeshwor-11 | 30,917,564.41 |
| KBRMP/ORKS/ Dans/NCB-16/2081-82 | Construction of Embankment & Revetment with Launching Apron at Kanepokhari-04, Narsari Tole (Right Bank), Khoriya Tole (Right Bank) & Satabigahe (Right Bank) in Dans River | Naulo Safal/Anshu JV, Manthali Na Pa-01, Ramechap | 22,809,815.27 |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## जस लिने होड होइन, सुधारलाई दिगो बनाउन लागौं

**राष्ट्रिय परीक्षा बोर्डले शुक्रबार सार्वजनिक गरेको माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा विगतको भन्दा सुधार देखियो । कूल परीक्षार्थीमध्ये ६१.८१ प्रतिशत उत्तीर्ण भए । जबकि अघिल्लो वर्ष करिब ४८ प्रतिशतमात्र उत्तीर्ण भएको थियो ।**

**बोर्डले सामुदायिक कि निजी विद्यालयको नतिजा सुधार भयो भन्ने विवरण सार्वजनिक गरेको छैन । तर, जो कोहीले अनुमान लगाउन सक्छन् कि सामुदायिक विद्यालयको नतिजा सुधार भयो । कारण, निजी विद्यालयको नतिजा विगतमा पनि राम्रै थियो । त्यसले गर्दा यस वर्ष सामुदायिक विद्यालयको नतिजामा सुधार आएको मान्न सकिन्छ ।**

**नतिजामा सुधार आएसँगै जस लिने होडबाजी सुरु भएको छ । त्यसमा सबैभन्दा अघि प्रधानमन्त्री केपी शर्मा ओली देखिएका छन् । उनले सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेख्दै आफू नेतृत्वको सरकारले हासिल गरेको उपलब्धिसँग जोडेका छन् । गत वर्ष ४८ प्रतिशत विद्यार्थी मात्रै उत्तीर्ण हुँदा शिक्षकहरूप्रति रुखो भएर प्रधानमन्त्री ओली प्रस्तुत भए । तलब वृद्धिको सन्दर्भमा ओलीले ५२ प्रतिशत विद्यार्थी फेल गराउनेको तलब बृद्धि नहुने बताए । भलै यसपटक विद्यार्थीको उत्तीर्ण प्रतिशत उल्लेख्य मात्रामा बढ्यो र सामाजिक सञ्जालमा स्टाटस लेखेर जस लिए ।**

**केही शिक्षाविद्हरूका अनुसार एसइईको नतिजा सुधारका लागि भाषणबाहेक ओली सरकारले केही गरेको छैन । नीतिगत सुधार गरेकै छैन । संसद्को विषयगत समितिमा दुई वर्षदेखि विचाराधीन विद्यालय शिक्षा विधेयक पारित गर्ने सुरसार गरेको छैन । शिक्षा क्षेत्रमा बजेट वृद्धि भएको छैन । यस्तोमा शिक्षक, विद्यार्थी र अभिभावकको त्रिपक्षीय मिहेनतले एसइईको नतिजामा सुधार हुँदा प्रधानमन्त्री ओली र शिक्षामन्त्री रघुजी पन्तसमेत जस लिन हतारो गरिरहेका छन् । यस्तो प्रवृत्ति घातक हो ।**

**जबकि सरकारले गर्ने भनेको नीतिगत सुधार हो । बजेटमा वृद्धि गरेर शिक्षा क्षेत्रको सुधारका लागि कदम चाल्नु हो । तर, गर्नैपर्ने यी दुई काम नगरी भाषणवाजीमात्रै गरेका प्रधानमन्त्री ओली अस्वाभाविकरूपमा एसइईको नतिजा सुधार आफूले गरेको जसरी प्रस्तुत भएका छन् । झण्डै ६२ प्रतिशत विद्यार्थी उत्तीर्ण हुँदा उनी हर्षित छन् । जबकि, ३८ प्रतिशत असफल भएका छन् । उनीहरू अवर्गीकृत श्रेणीमा परेका छन् । यो गम्भीर चिन्ताको विषय हो । यसमा सुधार गर्न माध्यमिक शिक्षा परीक्षालाई राष्ट्रिय बोर्डले सञ्चालन गर्नुको साटो प्रदेशबाटै गर्नेदेखि राज्यको ढुकुटीबाट तलब खाने शिक्षकहरूले पढाउने विद्यालयको उपलब्धि बढाउनेतर्फ संसद् र सरकारका सबै तहले विशेष ध्यान दिनुपर्छ ।**

# आशावाद सिर्जना: आजको आवश्यकता



■ माधव सापकोटा

> राजनीतिक दलको व्यवहारप्रति नागरिक असन्तुष्ट भए पनि आमरूपमा नेपाली जनता यो व्यवस्थाको विरुद्धमा वा विकल्पमा गएँ भन्ने होइन । हामीले नागरिकले अपेक्षा गरेका विषय सम्बोधन गर्न सकिरहेका छैनौं । जनताले भनिरहेको पनि यही विषय हो । यद्यपि, गणतन्त्रको विरुद्धमा रहेकाहरू धमिलो पानीमा माछा मारेर आफ्नो अभीष्ट पूरा गर्न सकिन्छ कि भनेर कहीं न कहीं लाग्न खोजेको देखिन्छ ।

प्रतिनिधिसभाको मुख्य काम विधायिकी हो । तर, विधायकी कामभन्दा पनि गैरविधायकी काम बढी हुने गरेको छ । सांसदको ध्यान प्रधानमन्त्री र मन्त्री कसरी बन्ने, आफ्नो क्षेत्रमा विकासको योजना कसरी पार्ने भन्नेमै केन्द्रित देखिन्छ । सदस्यहरू पार्टीले दिएको निर्देशनको आधारमा पार्टीकै रक्षाको निमित्त चल्ने गरेको देखिन्छ । भुइँ तहका सवाललाई सदनमा प्रवेश गराउने र त्यसबारे तर्क गर्ने कार्य कमै मात्रामा हुने गरेको छ ।

सामान्यत: शून्य समय र आकस्मिक समयमा जनताका समसामयिक विषयलाई ज्यादा प्राथमिकता दिएर उठाएको पाइन्छ । त्यो पनि आफ्नो निर्वाचन क्षेत्रसँग सम्बन्धित रहेर । तर, समयमै त्यसको 'रेसपोन्स' गर्ने, जवाफ फर्काउने काम भनेजस्तो प्रभावकारी हुन सकेको छैन । त्यसमा मन्त्रीहरूको कार्यसम्पादन, कार्यशैलीले निर्भर गर्छ । कतिपय मन्त्रीहरूले सदनमा उठेका सवाललाई तत्काल सम्बोधन गर्ने गर्नुभएको छ । आवश्यक पर्दा सांसदसँग छलफल गर्ने पनि गर्नुभएको छ । तर कतिपयले पटक-पटक उठेका विषयको पनि सम्बोधन नगरेको पाइन्छ ।

संविधान कार्यान्वयनको अवस्था हेर्दा उत्साहजनक देखिन्न । संघीय सरकारले प्रदेश र स्थानीय तहलाई अधिकार दिने सवालमा अरूचि छ । यसमा 'म शासन व्यवस्थामा रहिरहन्छु' भन्ने मनोवृत्तिले पनि काम गरेको छ । प्रदेश र स्थानीय सरकारलाई दिइयो भने गर्न सक्दैनन् भन्ने अविश्वासको अवस्था छ । यसलाई सच्याउनुपर्छ भनेर प्रतिपक्ष र सत्तापक्षकै सांसदले संसद्मा बहस पैरवी गरिरहनुभएको छ । सरकारले बजेट वक्तव्यमा पनि संविधान संशोधनको विषय राखेको छ । तर, सरकार गठन भएको ११ महिनाको अवधिमा संविधान संशोधनबारेको वहस प्रारम्भ भएको छैन । संविधान संशोधन गर्न दुईतिहाइ चाहिन्छ । त्यो दुईतिहाइ नेपाली कांग्रेस र नेकपा एमालेसहित एक ठाउँमा हुँदामात्रै हुन्छ । तर, त्यो दिशामा उहाँहरूले साच्चिकै इमान्दारिताका साथ काम गरेको देखिँदैन ।

अहिले पनि राजनीतिक अस्थिरता छ । किनभने वर्तमान सरकार बनेकै दिनदेखि प्रतिपक्षले सरकार ढल्छ भन्नुपर्ने र झण्डै दुईतिहाइ सांसद रहेको कांग्रेस र एमाले मिलेर बनेका प्रधानमन्त्रीले सरकार ढल्दैन भनिरहनुपर्ने अवस्था छ । राजनीतिक अस्थिरता अन्त्य गर्न शासकीय स्वरूपमा केही न केही पुनर्विचार गर्नुपर्छ । माओवादीले सुरूआतदेखि नै भन्दै आइरहेको छ- प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली नै राजनीतिक अस्थिरताको औषधि हो । प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीय प्रणालीमा जाने हो भने पनि माओवादी तयारै छ । पूर्णसमानुपातिक निर्वाचन प्रणाली, सांसद मन्त्री हुन नपाउने, राष्ट्र प्रमुखले राजनीतिज्ञ र विज्ञबाट मन्त्रीमण्डल गठन गर्ने व्यवस्थाको पैरवी माओवादीले गरिरहेको छ ।

यति गर्न सकियो भने सांसदको विधायकी काममात्रै हुन्छ । सरकारले आफ्नो ढंगले काम गर्छ । प्रतिनिधिसभाले सरकारलाई खबरदारी गर्छ । प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारबारे संविधानमा भएको व्यवस्थाअनुसार कानुन बनाएर प्रदेश र स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनुपर्छ । प्रदेश सरकारका मन्त्रिमण्डल र कार्यशैलीबारे अहिले उठिरहेको प्रश्नको जवाफ दिँदै प्रदेश सरकारलाई पनि प्रभावकारी बनाउनुपर्छ ।

जनताका माझमा जाँदा साना र मझौला प्रकृतिका पूर्वाधार र विकास निर्माण एक खालको प्रतिबद्धता व्यक्त भएको थियो । ती अधिकांश काम स्थानीय र प्रदेश सरकारमार्फत गरिन्छ । त्यो क्रमश: भइरहेकै छ । अर्कोतर्फ चीनसँगको पुरानो तातोपानी नाका खोल्ने मेरो मुख्य प्रतिबद्धता थियो । अहिले तातोपानी नाका आंशिक रूपमा सञ्चालनमा आएको छ । पूर्णरूपमा खोल्नका लागि प्रयास जारी छ । तातोपानी नाकासम्म जाने अरनिको लोकमार्ग सम्पूर्ण रूपमा क्षतिग्रस्त थियो । त्यसका लागि आवश्यक बजेट चालु आर्थिक वर्षमा बजेटको व्यवस्था गरी निर्माण कम्पनीलाई जिम्मा लगाउने काम भएको छ ।

सिन्धुपाल्चोकको जुरे पहिरो निकै ठूलो पहिरो हो । त्यस क्षेत्रका पीडितको नाममा रहेको रकम वितरण हुन सकेको थिएन । त्यसलाई म निर्वाचित भएको आठ महिनामै वितरण गरेको छु । दीर्घकालीन र योजनाबद्ध ढंगबाट काम नगर्ने पहिलो समस्या छ । अर्को बाढी पहिरोग्रस्त क्षेत्रमा रहेका बस्ती स्थानान्तरणको समस्या छ । विज्ञहरूले जोखिम बनेको ठाउँबाट पनि बस्ती अन्यत्र सार्न सकिएको छैन । बाढीपहिरोको सम्बन्धमा विज्ञहरूले दिएको सुझाव कार्यान्वयन हुनुपर्ने त्यो पनि हुन सकेको छैन ।

व्यवस्था परिवर्तन भए पनि आर्थिक र सामाजिक स्थितिमा परिवर्तन आएन भन्ने नागरिकको गुनासो हो । त्यसका पछाडि मुख्य रूपमा स्वरोजगार, रोजगार, आयआर्जनको स्थिति निर्माण हुन सकेको छैन । जो स्वरोजगारीमा जान सक्छ, त्यसको वातावरण राज्यले बनाउन सकेको छैन । जो रोजगारीमा लाग्न सक्दैन, त्यसलाई रोजगारीको प्रबन्ध गर्ने राज्यको दायित्व हो । आगामी आर्थिक वर्षको बजेटले पनि रोजगारी र स्वरोजगारलाई राम्रोसँग समेट्न सकिएको छैन । संसद्भित्रै यो विषयले प्राथमिकता पाएको छैन । सुशासन सिर्जना गर्ने, सामाजिक न्यायको आधारमा आर्थिक समृद्धि हासिल गर्ने र समाजवादको आधार तयार पार्ने काममा हामीले रचनात्मक र सिर्जनात्मक भएर काम गर्न जरूरी छ । यस विषयमा राजनीतिक दल र नीति निर्माताले निकै गम्भीरतापूर्वक समीक्षा गर्नुपर्छ भन्ने मेरो बुझाइ हो ।

राजनीतिक दलको व्यवहारप्रति नागरिक असन्तुष्ट भए पनि आमरूपमा नेपाली जनता यो व्यवस्थाको विरुद्धमा वा विकल्पमा गएँ भन्ने होइन । हामीले नागरिकले अपेक्षा गरेका विषय सम्बोधन गर्न सकिरहेका छैनौं । जनताले भनिरहेको पनि यही विषय हो । यद्यपि, गणतन्त्रको विरुद्धमा रहेकाहरू धमिलो पानीमा माछा मारेर आफ्नो अभीष्ट पूरा गर्न सकिन्छ कि भनेर कहीं न कहीं लाग्न खोजेको देखिन्छ ।

भविष्य देशमै छ, भन्ने आशावाद सिर्जना गर्नुपर्छ । आजको भूमण्डलीकरण (ग्लोबलाइजेसन) को अवस्थामा एक देशबाट अर्को देशमा नागरिक जान्छन् भने त्यो कुरालाई धेरै ठूलो अनौठो मान्नु हुँदैन । तर, देशभित्रै भविष्य नदेख्ने, आफ्नो देशभित्रभन्दा कठोर परिश्रम गर्नुपर्ने अरु राष्ट्रमा भविष्य देख्नु डर लाग्दो कुरा हो । त्यसैले हामीले राज्यका तर्फबाट र नीति निर्माताका तहबाट आमनागरिकमा संसारको जुन कुनामा पुगे पनि मेरो अन्तिम भविष्य आफ्नै देशभित्र छ भन्ने कुराको भावना पैदा गर्न सक्नुपर्छ ।

विदेश गएको जनशक्ति स्वदेशमा फर्किएर केही गर्छु भन्नका लागि वातावरण सिर्जना गर्नुपर्छ । अस्तव्यस्त, योजनाविहीन तरिकाले खुद्रे मसिना विकासमा जाने मोडललाई निर्ममतापूर्वक भत्काउन सक्नुपर्छ । भ्रष्टाचार देशको आर्थिक विकासको सबैभन्दा ठूलो सत्रु हो । संसारका हरेक देशले पहिला आफूलाई आत्मनिर्भर बनाएका छन् । हामी पनि खाद्यान्नको हिसाबले आत्मनिर्भर हुनुपर्छ । देशलाई आर्थिक रूपमा विकास गर्ने हो भने उत्पादन किसानको बजार राज्यको बनाउनुपर्छ ।

आमनागरिकमा देशलाई समृद्ध बनाउन सकिन्छ भन्ने आत्मबल जरुरी छ । आत्मबलका साथ एकपटक मिहेनत गरौं । एकताबद्ध भएर प्रयत्न गर्दा असम्भव भन्ने केही पनि छैन ।

*(नेकपा माओवादी केन्द्रका नेता तथा प्रतिनिधिसभा सदस्य सापकोटासँग राससले गरेको कुराकानीमा आधारित)*

## श्रम सरोकार

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिंदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

### के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

### योगदान रकम कसरी जम्मा गर्ने ?

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

## पाठक मञ्च

## तनावमा सहकारीका कर्मचारी

आफूसँग भएको रकम थोरै भए पनि ब्याज आउने प्रलोभनमा मानिसहरूले सहकारीमा पैसा राखे । कतिपयले जागिर पनि सोही सहकारीमै गरे । आफ्नो तलब पनि सहकारीकै खातामा जम्मा गर्थे । आफन्त, साथीभाइलाई पनि ब्याजको प्रलोभन देखाएर लाखदेखि करोडौं रकम जम्मा गर्न लगाए ।

नयाँ बचतकर्ता नपाइएमा तलब र जागिर नै नपाउने भएपछि मानिसहरूले सुरुमा आफूसँग भएको लाखौं रकम सहकारीमा जम्मा गरेर जागिर खाए त जागिर खाएपछि आफन्त, साथीभाइलाई पनि पैसा राख्न लगाए । सहकारीहरूबीच ब्याजको लागि होडबाजी नै चल्थ्यो । कसले कति वा बढी ब्याज दिने ? भनेर सहकारीबीच प्रतिस्पर्धा हुन्थ्यो । अनि बचतकर्ताहरू पनि एक प्रतिशतमात्र बढी ब्याज दिने सहकारीमै पैसा राख्थे । अहिले सहकारी कुन अवस्थामा छ ? छर्लंग छ । सञ्चालक, अध्यक्षहरूको भागाभाग चलेको छ । बचतकर्ताहरूको रुवाबासी भइरहेको छ भने कर्मचारीहरू धर्मसंकटमा परेका छन् । सबैभन्दा बढी तनावमै अहिले कर्मचारी देखिन्छन् ।

किनकि उनीहरूले आफूसँग भएको रकम र तलब त सहकारीमा राखेकै थिए । सँगै साथीभाइ, आफन्तकोसमेत लाखदेखि करोडौं रकम आफ्नो सहकारीमा जम्मा गराएका थिए । अनि सहकारीको हाकिम नै भागेपछि कर्मचारीहरू यता न उताका भएका छन् । आफन्त, साथीभाइ लगातार पैसा मागिरहेका छन् ।

आफ्नोसमेत पैसा डुबेको छ । यसले तनाव नै तनावमा छन् सहकारीका कर्मचारीहरू । हुन त सहकारी सञ्चालक, अध्यक्षहरूले पनि धेरै पढलेख गरेका होइनन्, मान्छे फर्काउन सक्ने वा धेरै पैसा भएका अर्थात् आफन्त, साथीभाइ र बजारबाट धेरै पैसा ल्याउन सक्ने व्यक्तिलाई जागिर दिए । पढेकाहरूले सहकारीमा अवसर पाएनन् । उनीहरू विदेश पलायन भए । नपढेकाहरूले सहकारीमा ठाउँ पाए । उनीहरूले आफन्त, साथीभाइ वा आम सर्वसाधारणलाई विभिन्न लोभ देखाएर लाखदेखि करोडौं रकम जम्मा गर्न लगाए । यसबापत उनीहरूलाई सहकारीले कमिसनसमेत दिन्थे । साथै, तलब पनि बढी र सवारीसाधनसमेत संस्थाबाटै दिइन्थ्यो ।

तलब, कमिसन र गाडी पाउने भएपछि कर्मचारीहरूले आफ्ना परिवारदेखि चिनजान भएका सबैलाई लोभ्याएर रकम जम्मा गर्न लगाए । आफन्त, साथीभाइले पनि विश्वासमा परेर ब्याजको लोभमा घरखेत बेचेको, विदेशमा कमाएको वा व्यापार व्यवसाय, जागिरबाट आएको रकम सहकारीमा राखे । उनीहरूलाई सहकारीले अनेकौं गतिविधि गरेर लोभ्याउँथे ।

करोडौं खर्चिएर सहकारीको साधारण सभा गरिन्थ्यो । साधारणसभामा बचतकर्ता र सेयर धनीलाई एक हजारदेखि पाँच हजार रूपैयाँसम्म दिइन्थ्यो । बचतकर्ताहरूको बर्थडेमा घरमै पुगेर सहकारीका प्रतिनिधिहरूले केक काटिदिन्थे । बूढाबूढीलाई लौरो उपहार र तीर्थयात्रामासमेत लग्थे भने वर्षमा एक दिन सबै बचतकर्तालाई पिकनिकमा लगिन्थ्यो ।

सहकारीले यत्रो गरेको देखेपछि बचतकर्ताहरू पनि मख्ख । पैसा राख्दैमा यति सुविधा पाएको भन्दै उनीहरू सहकारीको गुनगान गाउँथे । आफ्ना आफन्त, चिनजान भएकालाई सुनाउँथे । र, उनीहरूलाई पनि बचत गर्न लगाउँथे । 'मेलै त यो सहकारीमा पैसा राखेको छु, यति धेरै ब्याज दिन्छ, यस्तो सुविधा छ' भन्दै बजारमा प्रचारप्रसार गर्थे ।

यता, सहकारीका कर्मचारीको पनि पारा नै भिन्न । सरकारी कर्मचारीभन्दा चिटिक्क परेर हिँड्थे उनीहरू । कोट, पाइन्ट लगाएर । मानौं, कुनै बिहे, व्रतबन्ध वा पार्टीमा जान लागिएको हो । कोही कर्मचारी गाडीमा हिँड्थे त कोही स्कुटरमा । कतिपय चाहिँ पैदल हिँड्थे र पैसा उठाउँथे । एउटै बजार प्रतिनिधिले दिनमै तीन लाखदेखि पचासौं लाखसम्म रकम उठाएर लग्थे । एउटा सहकारी संस्थाको बजार प्रतिनिधि घटीमा १० देखि सयौं जनासम्म हुन्थे । अफिसभित्रै कर्मचारी अलग्गै । काउण्टर र हिसाबकिताब मिलाउनमात्रै २०-२५ जना कर्मचारी राखिन्थ्यो भने ढोकामा दुई जना गार्ड । प्रत्येक सहकारीको कोठा-कोठामा एसी हुन्थ्यो । सहकारी सञ्चालक, अध्यक्ष, कर्जा अधिकृतहरू दिउँसो १२ बजेदेखि ३ बजेसम्ममा कार्यालय आउँथे ।

उनीहरू कार्यालय पस्नेबित्तिकै सुरक्षागार्डले उफ्रिउफ्रि सलाम ठोक्थे । मानौं, कोही राष्ट्रपति, प्रधानमन्त्री आएको हो । सञ्चालक, अध्यक्ष, कर्जा अधिकृत जतिखेर आए पनि तलबचाहिँ ५० हजारदेखि डेढ लाखसम्म बुझ्थे । करोडौं पर्ने गाडी संस्थाबाटै दिइन्थ्यो । खाजा, पत्रपत्रिका, टेलिफोनलगायत विभिन्न सुविधा उनीहरूलाई हुन्थ्यो ।

तलबबाहेक महिनामै लाखौंको सेवासुविधा बुझ्थे । तैपनि कर्जा दिने बेला घुस अनिवार्य । एक करोड मूल्य बराबरको धितो राखेर ६०-७० लाख कर्जा दिन्थे । त्यसबापत १० लाख रूपैयाँ अध्यक्ष, सञ्चालक, कर्जा अधिकृतहरू मिलेर घुस खाथे । त्यस्तै, सेवा शूल्क तीन प्रतिशत, ब्याज १६ प्रतिशत भनेर ८० प्रतिशत र ऋणीले तीन किस्ता नतिर्नेबित्तिकै धितो लिलामी प्रक्रिया अघि बढाइहाल्थे ।

भनिन्छ कि पाल धुरीबाट कराउँछ । त्यस्तै, भयो सहकारी र दलालीहरूलाई पनि । अहिले घरजग्गा, गाडी र सेयर कारोबार ठप्प छ । जसका कारण दलालीहरू भाग्नुपरेको छ भने सहकारी त टाट नै पल्टियो । सहकारीले धमाधम धितो त लिलाम गर्‍यो तर बेच्न सकिएन । जसका कारण सहकारीले बचतकर्तालाई ब्याज र कर्मचारीलाई तलब दिन सकेन । ब्याज नपाएपछि बचतकर्ताहरू आफ्नो रकम माग्न गए । तर, सहकारीले फिर्ता दिन सकेन । दिन्छुदिन्छु भन्दाभन्दै रातारात सहकारी सञ्चालक, अध्यक्षहरू फरार भए भने कतिपय पक्राउ परी जेल सजाय काटिरहेका छन् ।

अहिले बैंकमासमेत समस्या आइसक्यो । किनकि बैंकको पनि लगानी सहकारीजस्तै घरजग्गा, गाडी र सेयरमै छ । अर्कोतर्फ, बैंकमा जागिर खानेहरूले पनि आफ्नोसँगै परिवार, आफन्त, साथीभाइहरूको करोडौं रकम राखेका छन् । यसैले, बैंकका सञ्चालक, अध्यक्ष भाग्नेबित्तिकै उनीहरूको कन्तबिजोग हुने छ ।

***– रुषा थापा, भक्तपुर***



**सामूहिक वृक्षरोपण** | डिभिजन वन कार्यालय सिरहा, लहानले शनिबार लहान-१५ स्थित झौवाई खोल्सी चुडियाडाँडा सामुदायिक वनमा राष्ट्रिय वृक्षरोपण दिवस-२०८२ को अवसरमा आयोजना गरेको वृक्षरोपण कार्यक्रममा वृक्षरोपण गर्दै वन कार्यालयका कर्मचारी तथा सामुदायिक वन उपभोक्ता समितिका सदस्यहरू । *तस्बिरः सुदीप राउत/रासस*

# झापामा डेंगी नियन्त्रण गर्न 'खोज र नष्ट गर' अभियान

**बनियानी (झापा)–** गत वैशाखयता जिल्लामा डेंगी संक्रमण बढ्न थालेपछि 'खोज र नष्ट गर' अभियान सुरु गरिएको छ । गत वैशाखदेखि असार १३ गतेसम्म जिल्लामा ६१ जनामा डेंगी संक्रमण देखापरेको हो ।

बिर्तामोड नगरपालिका अन्तर्गत स्वास्थ्य शाखाका महामारीजन्य रोग नियन्त्रण रोकथाम कार्यक्रम संयोजक ओम खड्काका अनुसार बिर्तामोडमा ५४, दमक नगरपालिकामा एक र गौराहद नगरपालिकामा छ संक्रमित फेला परेका हुन् । 'बिर्तामोडमा डेंगी संक्रमण उच्च देखिएको छ,' उनले भने, 'यहाँ अन्य जिल्लाबाट उपचारका लागि आउने बिरामीको परीक्षण गर्दा संक्रमणदर उच्च देखिएको हो ।' जिल्लामा चालु आर्थिक वर्षको असार १३ गतेसम्म एक हजार २९१ जना डेंगी संक्रमित फेला परेका खड्काले जानकारी दिए ।

यसैबीच, डेंगी संक्रमण बढ्न थालेको भन्दै बिर्तामोडमा लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान सुरु गरिएको छ । नगरपालिकाको सहभालहमा शनिबार 'डेंगीसहित विभिन्न कीटजन्य रोग नियन्त्रणका लागि लामखुट्टेको बासस्थान खोजी गरी लार्भा नष्ट गर्न सरोकार भएकासँग



अभिमुखीकरण' कार्यक्रम आयोजना गरी उक्त अभियानको सुरुआत गरिएको हो ।

नगरपालिकाका कार्यवाहक नगरप्रमुख नगेन्द्र संग्रौलाले अभियानको शुभारम्भ गर्दै रोग लाग्नुभन्दा लाग्न नदिने वातावरण सिर्जना गर्न सबैले सहकार्य र समन्वय गरी सचेत हुनुपर्ने बताए। नगर क्षेत्रमा रहेका सहकारी, बैंकलगायत संघसंस्थाहरूले सामाजिक उत्तरदायित्वअन्तर्गत महामारीजन्य रोग नियन्त्रण सहकार्य गर्न उनले सबैलाई आग्रह गरे ।

बिर्ताबजार क्षेत्रमा रहेका मोटरसाइकल ग्यारेज, पसललगायत सम्भावित स्थानमा गएर लार्भा नष्ट गरिएको छ । अभिमुखीकरण कार्यक्रममा नगरका १० वटै वडाका आधारभूत स्वास्थ्य केन्द्रलाई महामारीजन्य रोग नियन्त्रणका लागि 'पोर्टेबल महामारी किट' वितरण गरिएको नगर उपप्रमुखसमेत रहेका संग्रौलाले जानकारी दिए ।

अभिमुखीकरण कार्यक्रममा नगरका स्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षक अजय पौडेलले प्रस्तुतीकरण दिँदै मनसुन सुरु भएसँगै कीटजन्य महामारीको संक्रमण उच्च हुने भएकाले सम्भावित जोखिमबाट बच्न सबै सचेत हुनुपर्ने बताए । 'अन्य कीटभन्दा लामखुट्टेको जोखिम बढी छ,' उनले भने, 'छ प्रकारका रोग लामखुट्टेले सार्छ, यसको समयमा नियन्त्रण गर्न सकिएन भने छोटो समयमा महामारीका रूपमा फैलिन सक्छ ।' बिर्तामोडमा पाँच वर्षयता मलेरिया नदेखिएको जनाउँदै जनस्वास्थ्य निरीक्षक पौडेलले कालाजार र जापानिज इन्सेफ्लाइटिसका बिरामी एक/एक जना भेटिएका उल्लेख गरे ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सागर विष्टले जलवायु परिवर्तनका कारण डेंगी संक्रमण पुसमा देखिएकाले यसको नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न सबै लाग्नुपर्ने आवश्यकता रहेको औंल्याए ।

### के हो डेंगी ?

एडिस एजिप्टाई जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने डेंगी एक प्रकारको ज्वरो हो । यसले स-साना सफा पानी जमेको स्थानमा फूल पार्ने गर्दछ । डेंगीको मुख्य लक्षण भनेको एक्कासि उच्च ज्वरो आउनु हो । यो ज्वरो पाँचदेखि सात दिनसम्म रहन सक्छ ।

'ज्वरोका साथै असाध्यै टाउको दुख्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने, ढाड, जोर्नी तथा मांसापेसीहरू दुख्ने, शरीरमा बिमिरा आउने, वाकवाकी लाग्ने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्नेलगायतका लक्षण देखापर्न सक्छन्,' जनस्वास्थ्य निरीक्षक पौडेलले भने । यस्ता लक्षण देखापरेमा तत्काल चिकित्सकको सल्लाह लिई स्वास्थ्य परीक्षण गर्नुपर्ने उनले सुझाव दिए । *रासस*

# वन्यजन्तुका लागि पानी पोखरी निर्माण

■ इन्द्राकुमारी केसी

**घोडाघोडी (कैलाली)–** कैलालीका सामुदायिक वनमा वन्यजन्तुलाई पानी खानका लागि पोखरी निर्माण गरिएका छन् । जिल्लाको लम्की चुहा नगरपालिका-१ मा रहेको चेतना सामुदायिक वन, वडा नं ३ मा रहेको मुक्तकमैया सामुदायिक वन, जानकी गाउँपालिका-८ र ९ स्थित अमरावती सामुदायिक वन र मोहन्याल गाउँपालिका-७ स्थित जालपा सामुदायिक वनमा पोखरी निर्माण गरिएको हो ।

वन तथा वातावरण मन्त्रालयको 'एकीकृत भूपरिधि व्यवस्थापन आयोजना'अन्तर्गत पोखरी निर्माण गरिएको डिभिजन वन कार्यालय पहलमानपुरका डिभिजनल वन अधिकृत रामचन्द्र कँडेलले जानकारी दिए । कँडेलका अनुसार आयोजनाले पोखरी निर्माणसँगै कैलालीको कर्णाली कोरिडोरमा वन जनावर र जैविक विविधता संरक्षणका विभिन्न काम गरेको छ । कर्णाली करिडोरअन्तर्गत जिल्लाको लम्किचुहा र टीकापुर नगरपालिका, मोहोन्याल र जानकी गाउँपालिका जोडिन्छन् । ती क्षेत्रमा चिसापानी, लम्की र टीकापुर सब-डिभिजन वन कार्यालयमार्फत आयोजना सञ्चालित भएका हुन् ।

उक्त आयोजना लुम्बिनी प्रदेशको बाँके राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र, बर्दिया राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र र कम्दी जैविकमार्गका साथै सुदूरपश्चिम प्रदेशको ब्रह्मदेव जैविकमार्ग कञ्चनपुर र कैलालीको कर्णाली जैविकमार्गमा सञ्चालन भइरहेको आयोजनाका फिल्ड व्यवस्थापक प्रकाश थापाले जानकारी दिए ।

थापाका अनुसार यो आयोजना ग्लोबल इन्भाइरोमेन्ट फेसिलिटी (जिइएफ) र वर्ल्ड वाइल्डलाइफ फण्ड (डब्ल्युडब्ल्युएफ) को सहयोगमा वन तथा वातावरण मन्त्रालयमार्फत तराई भूपरिधि क्षेत्रमा रहेका संरक्षित क्षेत्र तथा संवेदनशील जैविकमार्ग संरक्षणमा सञ्चालित छन्।

जंगलमा पोखरी निर्माणपछि वन्यजन्तु पानी खान आउन थालेको जालपा सामुदायिक वनका



अध्यक्ष मानबहादुर खत्रीले जानकारी दिए । खत्रीका अनुसार पाटेबाघ, चित्तललगायतका वन्यजन्तु पानी खानका लागि पोखरीमा आउने गरेका छन् । पोखरी निर्माणले वन्यजन्तु आउने गरे पनि छेउमा राखेका सेतो होर्डिङ बोर्डका कारण भने समस्या हुने गरेको अध्यक्ष खत्रीले बताए । उनले भने, 'होडिङ बोर्ड राख्नुभन्दा पहिले अझ धेरै जन्यजन्तुका पाइला देखिन्थे, तर अहिले कमी भएको छ ।'

पानी खानका लागि नहरमा जाने चितल डुब्ने गरेको बताउँदै मुक्तकमैया सामुदायिक वनका अध्यक्ष हितु चौधरीले भने, 'कति चितललाई उद्धार गरेका छौं, अहिले पोखरी बनेपछि जनावरलाई पनि निकै सहज भएको छ, उक्त सामुदायिक वनमा तीनवटा पोखरी निर्माण गरिएका छन् ।'

उक्त आयोजनाले कर्णाली करिडोरमा सिमसार र घाँसेमैदान व्यवस्थापन, वन्यजन्तु उद्धार तालिम तथा उपकरण वितरण, नर्सरी निर्माण तथा बिरुवा उत्पादन, वन डढेलो व्यवस्थापन गोष्ठी तथा औजार हस्तान्तरण, वन उद्यम र जीविकोपार्जनसम्बन्धी विभिन्न क्रियाकलाप पनि सञ्चालन गरेको डिभिजन वन कार्यालय पहलमानपुरले जनाएको छ ।

वन्यजन्तुका लागि पोखरी निर्माण, वन डढेलो व्यवस्थापनसम्बन्धी उपकरण हस्तान्तरण, विभिन्न तालिम गोष्ठी, वन उद्यम तथा जीविकोपार्जनसम्बन्धी क्रियाकलाप सञ्चालन गरेको सबडिभिजन वन कार्यालय चिसापानीका प्रमुख पूर्णकुमार विष्टले बताए । उनले भने, 'पानी खानका लागि वन्यजन्तु गाउँसम्म नै वन्यजन्तु पुग्ने गर्दथे, जसले घटना निम्त्याउँथ्यो अहिले भने पोखरी निर्माण पछि घटना नियन्त्रण भएका छन् ।'

आयोजनाको सहयोगमा घाँसेमैदान निर्माणसँगै लम्की सबडिभिजन वन कार्यालय र टीकापुर सबडिभिजन वन कार्यालयमा बिरुवा उत्पादन गरिएका छन् । लम्कीमा एक लाख अम्बा, बकाइनो, गोल्ड मोहर, शीतलचिनी, निम, अमला, सागवान, महगानी, टाँकी जातका बिरुवा उत्पादन गरिएको सबडिभिजन वन कार्यालय लम्कीका प्रमुख शेरबहादुर भण्डारीले जानकारी दिए ।

त्यसैगरी, टीकापुरमा ५० हजार बिरुवा उत्पादन गरिएको सबडिभिजन वन कार्यालय टीकापुरका प्रमुख दिलिपकुमार यादवले जानकारी दिए । आयोजना जिल्लामा पाँच वर्षका लागि लागू भएकामा चार वर्ष पूरा भइसकेको छ । *रासस*

# शान्ति नमूनाका १८ विद्यार्थीले ल्याए चार जिपिए

■ दामोदर खनाल

**रूपन्देही–** जिल्लाको तिलोत्तमा नगरपालिका मणिग्रामस्थित सामुदायिक विद्यालय शान्ति नमूना माध्यमिक विद्यालयका १८ जना विद्यार्थीले २०८१ को माध्यमिक शिक्षा परीक्षा (एसइई) मा चार जिपिए ल्याएका छन् ।

उक्त विद्यालयबाट ६०९ जना विद्यार्थी परीक्षामा सहभागी भएकामा १८ जनाले चार जिपिए ल्याएका हुन् । विद्यालयले एसइईमा राम्रो नतिजा ल्याएपछि शिक्षकहरू खुसी देखिएका छन् । उनीहरूले शनिबार बिद्यालय बन्द रहे पनि बिहानैदेखि सफल विद्यार्थीको घरघरमा पुगेर विद्यार्थी र अभिभावकलाई बधाइ दिए ।

प्राचार्य कुलप्रसाद लामिछानेको नेतृत्वमा घरदैलो अभियानमा गएका शिक्षक शिक्षिकाको टोलीले विद्यार्थी अभिभावकसँग खुसी साटासाट गरेका थिए । शान्ति नमूनाको यो नतिजा सम्भवतः नेपालकै सर्वोत्कृष्ट रहेको विद्यालयका प्रधानाध्यापक लामिछानेले दाबी गरे । विद्यार्थीहरूले आफ्नो सफलतामा शिक्षक र अभिभावकको ठूलो भूमिका रहेको बताउँदै आफूहरूले विज्ञान संकाय अध्ययन गर्ने बताए । एसइईमा चार जिपिएसहित उत्तीर्ण शोम्य शाही र सुजन घिमिरेले विज्ञान संकायमा अध्ययन गर्ने बताए ।

शुक्रबार प्रकाशित नतिजामा नेपालभरबाट चार जिपिए ल्याउने विद्यार्थी ५४० छन् । जसमध्ये रूपन्देहीका मात्रै ८२ जना रहेका वताइएको छ । विद्यालयमा नियमित अतिरिक्त कक्षाहरू, समर्पित शिक्षक टोली र अभिभावकको सहकार्य र उपचारात्मक शिक्षाका कारण यो उपलब्धि सम्भव भएको प्रअ लामिछानेले बताए ।

२०१६ सालमा स्थापना भएको यो शान्ति नमूना माविमा हाल छ हजार २०० विद्यार्थी अध्ययनरत छन् । शान्ति नमूनाले विगत वर्षमा पनि राम्रो नतिजा ल्याउँदै आएको थियो । समग्रमा रूपन्देहीको नतिजा राम्रो देखिएको छ । अन्य सामुदायिक र निजी विद्यालयको नतिजा पनि राम्रो देखिन्छ ।

# विद्यार्थीलाई पढाइसँगै सीप

**म्याग्दी–** बेनी नगरपालिका-४ सिंगा तातोपानीमा रहेको सरस्वती माविको कक्षा ८ का विद्यार्थी जोन पुनको 'हाउस वायरिङ'सम्बन्धी तालिम लिएपछि आत्मविश्वास बढेको छ । 'घर, समाजमा दिनानुदिन आवश्यक पर्ने व्यावहारिक सीप हासिल गरेपछि भविष्यमा काम नपाएर बेरोजगार हुनुपर्ला भन्ने चिन्ता हटेको छ,' उनले भने, 'आधारभूत सीपले घर, छिमेकमा आवश्यक पर्दा काम फुकाउन सक्ने र भविष्यमा आफैं स्वरोजगार बन्न पनि सकिन्छ ।'

बेनी नगरपालिकाको 'वी क्यान, वी डु' (हामी सक्छौं, हामी गर्छौं) कार्यक्रममार्फत सरस्वती माविको ८, ९ र १० कक्षाका १९ जना विद्यार्थीलाई २० दिनसम्म घर तथा भवनमा वायरिङ गर्ने सीप सिकाइएको थियो । बेनी-८ कालीपुलमा रहेको बालमन्दिर माविको कक्षा ९ का विद्यार्थी आस्विम किसान ४ बजे विद्यालय छुट्टी भएपछि थप दुई घण्टा प्लम्बिङसम्बन्धी सीप सिकेर छ बजे घर जान्छन् ।

आस्मिनजस्तै कक्षा ८, ९ र ११ मा पढ्ने १६ जना विद्यार्थीले उनीहरूको रुचिअनुसार २१ दिने प्लम्बिङसम्बन्धी सीप सिकिरहेका छन् । खानेपानीको पाइपलाइन तान्ने, जमिनमा गाड्ने, जोड्ने, धारा, भान्साकोठा, शौचालय, शयनकक्षमा धारा जडान गर्ने विषयमा व्यावहारिक सीप सिक्न पाउँदा उत्साहित भएको किसानले बताए ।

बेनी सामुदायिक विद्यालयले सञ्चालन गरेको कपाल काट्ने तालिममा सहभागी कक्षा ११ का सुयोग रेग्मी घरपरिवारका सदस्यको कपाल काटेपछि खर्च बचत हुने र भविष्यमा व्यवसाय सञ्चालनका लागि सिकेको सीपले सहज हुने बताउँछन् । 'भविष्यमा केही काम र कतै रोजगारी नपाएपछि यही कपाल काट्ने पेसा गरेर पनि जीवन चलाउन सकिन्छ भनेर आत्मविश्वास बढेको र सम्भावना देख्न थालेको छु,' उनले भने, 'आफैंले व्यवसाय नगरे पनि घरका अभिभावक, आफन्त र बालबच्चाको कपाल काट्न शैलुन जानु नपरेपछि खर्च र समयको बचत हुन्छ ।'

बिहीबार समापन भएको तालिममा कक्षा ८, ९ र ११ का २५ जना छात्रछात्रा सहभागी थिए । सरस्वतीका जोन, बालमन्दिरका आस्विन र बेनी सामुदायिकका सुयोगजस्तै बेनी नगरपालिकाको मावि तहका विद्यार्थी हिजोआजा विभिन्न सीपमूलक तालिम लिइरहेका छन् । बेनी नगरपालिकाले 'हामी सक्छौं, हामी गर्छौं' कार्यक्रममार्फत विद्यार्थीहरूलाई पढाइसँगै सीप सिकाउने व्यवस्था मिलाएको हो ।

बेनीमा रहेका १६ वटा माध्यमिक विद्यालय मध्य १४ वटाले सीपमूलक तालिम सञ्चालन गरेका छन । चालु आर्थिक वर्ष २०८१/८२ मा नगरपालिकाले उक्त कार्यक्रमका लागि प्रत्येक विद्यालयलाई एक/एक लाख रूपैयाँका दरले १६ लाख रूपैयाँ बजेट विनियोजन गरेको थियो ।

नगरपालिकाको अनुदानबाट तालिम



सामग्री खरिद, प्रशिक्षक भत्ता र सहभागीलाई खाजाको व्यवस्था मिलाइएको छ । बिहान बेलुकी विद्यार्थीको अनुकूल समयमा आलोपालो गरेर तालिममा सहभागी हुने व्यवस्था मिलाइएको छ । कूल ३३० जना विद्यार्थी सीपमूलक तालिममा सहभागी भएका नगर शिक्षा अधिकृत कमल ढकालले बताए ।

माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीलाई विद्यालयमै सीप सिकाउन 'हामी सक्छौं, हामी गर्छौं' कार्यक्रम सञ्चालन भएको हो । विद्यार्थी र शिक्षालाई सीप र श्रमसँग जोड्न कार्यक्रम सञ्चालन गरिएको नगरप्रमुख सुरत केसीले जानकारी दिए । आर्थिक वर्ष २०७९/०८० मा १० वटा विद्यालयमा सञ्चालन भएको कार्यक्रम प्रभावकारी भएपछि २०८०/८१ र २०८१/८२ देखि नगरपालिकामा रहेका १६ वटै माध्यमिक विद्यालयमा सञ्चालन गरिएको हो । विद्यालय तहको शिक्षा हासिल गरेको विद्यार्थीले शिक्षासँगै केही न केही सीप लिएर समाजमा पुगोस् भन्ने अवधारणाअनुसार कार्यक्रम अघि सारिएको नगरप्रमुख केसीले बताए ।

विद्यालयले 'हाउस वायरिङ,' 'प्लम्बिङ,' 'हेयर कटिङ,' भित्तेलेखन, यान्त्रिक हलो मर्मत, 'सर्वे क्याम्प' बाँसबाट सजावटका सामान बनाउने, सौन्दर्यकला, च्याउ र खुर्सानी खेतीसम्बन्धी सीप सिकाउन तालिम सञ्चालन गरेका छन् । बेनी नगरपालिका-१० पाल्लेखेतस्थित दीपक माध्यमिक विद्यालयको कक्षा ९ र १० मा अध्ययन गर्ने २३ जना विद्यार्थीहरूले सामूहिकरूपमा 'केन्ये' जातको च्याउ खेती गरेका छन् । बेनी नगरपालिका-९ तोरीपानीको गलेश्वर माविले प्राविधिक धारतर्फ सिभिल इञ्जिनियरिङ विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई 'सर्वे क्याम्प' मार्फत भवन, सडक, पुलको सर्वे गर्ने व्यावहारिक सीप सिकाएको छ ।

सोही वडाको नेप्टेचौरमा रहेको राष्ट्रिय माध्यमिक विद्यालयका १५ जना विद्यार्थीका लागि कपाल काट्ने सीप प्रदान गरिएको शिक्षक रामचन्द्र पौडेलले बताए । जामुनाखर्कका १५ जनालाई सौन्दर्यकला, पुलाचौरको जनकल्याण माविले २६ जनालाई बाँसबाट सजावटका सामान बनाउने तालिम सञ्चालन गरेको छ ।

पौलत्स्य मावि भिरमुनीले २१ जनालाई मिनिटेलर (यान्त्रिक हलो) मर्मतसम्बन्धी सिप सिकाएको छ । बेनीको प्रकाश मावि, अर्जमको रामचन्द्र मावि र धवलागिरी माविले हाउस वायरिङसम्बन्धी तालिम चलाएका छन् । प्रकाश माविमा ३०, रामचन्द्रमा ३३ र धवलागिरी माविमा २३ जना सहभागी भएका छन् । भकुण्डेको अर्जुन माविले सञ्चालन गरेको १५ दिने भित्तलेखन तालिममा ३१ जना सहभागी छन् ।

भकिम्लीको जयन्ती माविका २५ जना विद्यार्थीहरूले अकवरे जातको खुर्सानी खेती गरेका छन् । विद्यार्थीले सिकेका सीपको व्यवहारमा प्रयोगमा ल्याएर उद्यम व्यवसाय गर्नुभन्दा पनि वैदेशिक रोजगारीतर्फ बढ्दो आकर्षण यस कार्यक्रमको प्रमुख चुनौती हो । आधारभूत तहको सीप सिकेकालाई व्यवसायी बन्न चाहेमा विद्यालय अथवा नगरपालिकाले बीउपुँजीको व्यवस्था गरेर 'पढ्दै, कमाउँदै गर्ने' कार्यक्रममा जोड्न सकेमा थप प्रभावकारी हुने बालमन्दिर माविका प्रअ सुरेन्द्र केसीले बताए । *रासस*

# प्रभाव दैनिक

आइतबार, १५ असार, २०८२ (Sunday, June 29, 2025)


रूपशाला

### सलमान बने क्रिकेट क्लबका मालिक

शाहरुख खानलाई पछ्याउँदै अर्का बलिउड अभिनेता सलमान खान पनि क्रिकेटको दुनियाँमा प्रवेश गरेका छन् । भारतीय संचारमाध्यमका अनुसार उनी एक क्रिकेट क्लबका मालिक बनेका छन् । तर, आइपीएल चाहिँ होइन । इन्डियन स्ट्रिट प्रिमियर लिग (आईएसपीएल)को लागि उनी दिल्लीको एक क्लबका प्रमुख बनेका हुन् । नयाँ दिल्ली क्लब र सलमानको संलग्नताले यो लिगको द्रुत विकास र बढ्दो सांस्कृतिक प्रवर्धनमा मदत गर्ने आयोजकको विश्वास छ ।



## ‘यो मन त मेरो नेपाली हो’ ट्रेलर सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** शुक्रबार राजधानीमा एक कार्यक्रमको बिच चलचित्र ‘यो मन त मेरो नेपाली हो’ ट्रेलर सार्वजनिक गरिएको छ । चलचित्रको ट्रेलरमा नेपाली भाषा, साहित्य, कला, यसको ईतिहास, महत्वलाई देखाउन खोजिएको छ ।

पत्रकार सम्मेलनमा बोल्दै निर्देशक मित्र प्रधानले नयाँपुस्तालाई नेपाली भाषा, संस्कार र संस्कृतिबारे ज्ञान दिने र यसको संरक्षणको लागि गर्ने संघर्षको कथावस्तुमा चलचित्र निर्माण गरेको बताए ।

चलचित्रका निर्माता तथा कलाकार रोशन श्रेष्ठले यो चलचित्र हरेक नेपालीले हेर्नु पर्ने बनेको बताउनु भयो । यस्तै विजय बरालले फरक चलचित्र भएको र यसले नेपाली भाषा, साहित्य र कलालाई जोड्ने काम गरेको बताए । विल्सन विक्रम राईले मैले फिल्मको कथामा मिल्ने गीत समेत लेखेको र यो कथा नजिकबाट देखेकोले चलचित्र उत्कृस्ट बनेको बताए । चलचित्रकी नायिका आयुषा समाल आफुले विदेशमा बसेर पनि नेपाली भाषा सिक्न र जोगाउन लागेको बताइन् ।

असार २७ गतेबाट प्रदर्शनमा आउन लागेको चलचित्र ‘यो मन त मेरो नेपाली हो’ मा रोशन श्रेष्ठ, विजय बराल ,विल्सन विक्रम राई, बुद्धि तामाङ ‘हैट’, आयुषा समाल, नारायण खाती, भुपेन्द्र लिङ्देन ‘मन्त्री’, सुबास भन्डारी, बिजय सुब्बा, बिजिता परियार, देवराज राजबंशी, भानुभक्त सिटौला लगायतको अभिनय रहेको छ । द्यमा इश्वर इन्टरटेन्मेन्ट प्रालिको प्रस्तुतिमा मित्र प्रधान प्रस्तुतकर्ता रहेको चलचित्र ‘यो मन त मेरो नेपाली हो’ लाई ज्ञान बहादुर प्रधान (रोशन) ले निर्माण गरेका हुन् ।

अमेरीकामा रहेका साहित्यकार मित्र प्रधान (नर) को निर्देशन रहेको यस चलचित्रमा शिवम् अधिकारीको लेखन रहेको छ । सौरभ लामाको छायांकन, देव महर्जन द्वन्द्व, समिर मियाको भिएफएक्स, कविराज गहतराज र प्रमोद भण्डारीको कोरियोग्राफी, सम्पादक बनिश शाह तथा सिजिआई सत्यम राना रहेको छ ।

दिपक शर्मा, विकास चौधरी र थोरम्पो ह्यङ राईको चलचि त्रमा संगीत रहेको छ भने दिपक शर्मा , विल्सन विक्रम राई, शंकर अधिकारी घायलको शब्द तथा खैजडी गीतमा अनिश अधिकारीको शब्द संकलन रहेको छ । चलचित्रलाई आर आर फिल्मसले वितरण गर्दैछ ।

## ‘बाटुलो जुन‘को छायांकन सुरू

■ प्रभाव संवाददाता

**काठमाडौं–** अनमोल केसीको नयाँ फिल्म ‘बाटुलो जुन’को सुरु भएको छ । धादिङको काउलेबाट फिल्मको छायाङ्कन सुरु भएको हो ।

पहिलो चरणमा केही दिन मात्र फिल्मको छायाङ्कन हुनेछ । बाँकी छायाङ्कन भने भदौमा गर्ने तयारी निर्माण पक्षको छ ।

फिल्मको छायाङ्कन सुरु भएसँगै यसको निर्माण पक्षले फिल्मका नायक अनमोल केसी र नायिका प्रिन्सी खतिवडाको फर्स्ट लुक्स पनि सार्वजनिक गरेको छ । सार्वजनिक लुक्समा अनमोल दाह्री पालेर प्रिन्सीसँग केही हेरेर टोलाएको देख्न सकिन्छ ।

जिया केसीको लगानीमा बन्ने फिल्मको बजे २५ लाख बताइएको छ । अङ्गुर खेतीमा फिल्म खिच्नुपर्ने भएकाले केही दिनका लागि यसको टिम धादिङको काउले पुगेको हो ।

फिल्मका अरू को-को कलाकार रहने हुन् भन्ने केही पनि खुलेको छैन । फिल्मका निर्देशक भुवन केसी हुन् ।

निर्देशक केसीले दर्शकले अनमोललाई यसअघि नदेखेको अवतारमा फिल्ममा देख्न पाउने र यो विशेष हुने बताए । अनमोल अभिनीत फिल्म ‘जेरी: अन टप’ असोजको ३१ गतेबाट रिलिजमा आउँदै छ । उनले फिल्म ‘ए मेरो हजुर ५’ पनि साइन गरिसकेका छन् ।

## अभिनेत्री शेफालीको निधन

■ एजेन्सी



**मुम्बई–** रिमेक गीत ‘काँटा लगा’ बाट चर्चित भएकी अभिनेत्री शेफाली जरीवालाको ४२ वर्षको उमेरमा निधन भएको छ । मिडिया रिपोर्टका अनुसार, जुन २७ को राति उनलाई हृदयाघात भएको थियो, जसका कारण उनको मृत्यु भएको हो ।

मुम्बई प्रहरीले यस मुद्दामा आफ्नो अनुसन्धान सुरु गरेको छ । फोरेन्सिक टोली शेफाली जरीवालाको घरमा पुगेको छ र प्रमाण सङ्कलन गरिरहेको छ । साथै, घरमा काम गर्ने कामदार र भान्सेलाई अम्बोली प्रहरी स्टेसनमा सोधपुछ गरिएको छ । परिवारका सदस्यहरूको पनि बयान लिइँदैछ ।

स्रोतका अनुसार, शेफालीलाई उनका पति तथा अभिनेता पराग त्यागी र अन्य तीन जनाले शुक्रबार राति अचेत अवस्थामा मुम्बईको अन्धेरीस्थित बेलेभ्यू अस्पताल लगेका थिए, जहाँ डाक्टरहरूले उनलाई मृत घोषित गरेका थिए ।

अस्पतालका कर्मचारीले शेफाली जरीवालालाई मृत अवस्थामा अस्पताल ल्याइएको पुष्टि गरेका छन् । उनको शव पोस्टमार्टमको लागि कूपर अस्पताल पठाइएको छ ।

शेफाली जरीवालाले सन् २००४ मा मित ब्रदर्सका सङ्गीतकार हरमीत सिंहसँग विवाह गरेकी थिइन् । सन् २००९ मा दुवैको सम्बन्धविच्छेद भयो । त्यसपछि उनले सन् २०१५ मा अभिनेता पराग त्यागीसँग विवाह गरिन् ।

शेफाली जरीवालाले १९ वर्षको उमेरमा ’काँटा लगा’ म्युजिक भिडियोबाट आफ्नो करियर सुरु गरेकी थिइन्, जसले उनलाई रातारात स्टार बनायो । यस गीतमा उनको बोल्ड शैली र नृत्य शैलीले मानिसहरूको ध्यान खिचेको थियो ।

यसपछि उनले केही थप संगीत एल्बम र चलचित्रहरूमा काम गरिन् । सन् २००४ मा उनी सलमान खान र अक्षय कुमारको चलचित्र ‘मुझसे शादी करोगी’ मा पनि देखिइन् । यसबाहेक उनी कन्नड चलचित्र ’हुडुगारू’ मा पनि देखिइन् । शेफालीले धेरै डान्स रियालिटी सोहरूमा भाग लिइन् । साथै, उनी आफ्ना पति पराग त्यागीसँग ’नच बलिये’ मा पनि देखिइन् ।

शेफाली जरीवालाले सन् २०१९ मा बिग बोस १३ मा वाइल्ड कार्ड एन्ट्री लिएकी थिइन् जहाँ उनी आफ्नो पूर्व प्रेमी सिद्धार्थ शुक्लासँग राम्रो सम्बन्ध बनाएको देखिएकी थिइन् । सिद्धार्थ शुक्लाको पनि सन् २०२१ मा हृदयाघातका कारण मृत्यु भएको थियो ।



**महिला ह्याण्डबल**

## आर्मीलाई हराउँदै एपिएफलाई उपाधि




■ प्रभाव संवाददाता

**पोखरा–** गण्डकी कप राष्ट्रिय महिला ह्याण्डबल प्रतियोगिताको उपाधि एपीएफ क्लबले उचालेको छ । पोखरा रंगशालास्थित ह्याण्डबल कोर्टमा विभागीय डर्बीमा आर्मीलाई हराउँदै एपीएफ च्याम्पियन बनेको हो । फाइनलमा आर्मीमाथि एपीएफ हाबी हुँदै ३१-१७ को जित निकालेको हो ।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता पश्चात यो नै ह्याण्डबलको सबैभन्दा ठूलो प्रतियोगिता हो । उपाधिसँगै एपीएफले १ लाख रूपैयाँको साथमा शिल्ड, मेडल र प्रमाणपत्र हात पारेको छ । उपविजेता बनेको आर्मीले ५० हजार रूपैयाँ प्राप्त गर्‍यो ।

शनिबार सेमीफाइनलसँगै तेस्रो स्थान र फाइनल खेल भएका थिए । सेमीफाइनलमा एपिएफले कोशीप्रदेशलाई २३-२ गोलअन्तरले हराउँदै फाइनल प्रवेश गरेको थियो । यस्तै आर्मीले गण्डकीलाई २१-१२ ले हराएउँदै फाइनल प्रवेश गरेको थियो । फाइनल अघि भएको तेस्रो स्थानको खेलमा कोशीले गण्डकी प्रदेशलाई ११-५ ले हराउँदै नगद ३० हजार रूपैयाँ हात पार्‍यो । गण्डकीले २० हजारमा चित्त बुझायो ।

असार १२ गतेदेखि सुरु भएको प्रतियोगितामा कुल ८ टिमको सहभागिता रहेको थियो । प्रतियोगितामा आयोजक गण्डकी प्रदेश सहित बागमति प्रदेश, माधेश प्रदेश, लुम्बिनी र कर्णाली प्रदेश सहभागि थियो । विभागीय कलब एपीएफ र आर्मीको सहभागिता रहेको प्रतियोगिता लिगकम नकआउटको आधारमा खेलाइएको थियो ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी त्रिभुवन आर्मी क्लबकी दुर्गा बोहोरा घोषित भइन् । यस्तै एपिएफकी संगीता चौधरी उत्कृष्ट गोलरक्षक र एपीएफका शुशिल अधिकारी उत्कृष्ट प्रशिक्षक घोषित भए । प्रतियोगितालाई प्रदेश खेलकुद परिषद गण्डकीले प्रबर्द्धन गरेको हो ।

**वीर गणेशमान दौड**

## सन्तोषी र राजन च्याम्पियन

■ प्रभाव संवाददाता




**काठमाडौं–** पाँचौं संस्करणको वीर गणेशमान सिंह १० किलो मिटर दौडको उपाधि सन्तोषी श्रेष्ठ र राजन रोकायाले जितेका छन् ।

शनिबार काठमाडौंमा भएको दौडमा पुरुषतर्फ राजन र महिला स्पर्धामा सन्तोषी च्याम्पियन बनेका हुन् ।

उपाधि सहित दुवै स्पर्धाका विजेताले ६० हजार रूपैयाँ प्राप्त गरे । पुरुषतर्फ त्रिभुवन आर्मी क्लबका राजनले ३१ मिनेट २२ सेकेण्डमा दौड पूरा गरे । उनका सहकर्मी खड्क बहादुर खड्का ३१ मिनेट ५५ सेकेण्डमा दौड पुरा गर्दै दोस्रो भए । मुकेश बहादुर पालले ३२ मिनेट १२ सेकेण्डमा दौड पूरा गर्दै तेस्रो स्थान हासिल गरे । बागलुङका तीर्थ पुन चौथो भए भने केन्याका जुलियस मुरीउकीले पाँचौं स्थान प्राप्त गरे ।

महिलातर्फ भने राष्ट्रिय कीर्तिमानी धाविका सन्तोषी श्रेष्ठले ३८ मिनेट ३ सेकेण्डमा दौड पूरा गर्दै उपाधि जितिन् ।

त्रिभुवन आर्मी क्लबकी पूर्ण लक्ष्मी न्यौपानेले ३९ मिनेट १९ सेकेण्डमा दौड पूरा गर्दै दोस्रो स्थान प्राप्त गरिन् भने एपीएफका आशा रावतले ४० मिनेट २७ सेकेण्डमा दौड पूरा गर्दै तेस्रो स्थान हासिल गरिन् । सोही क्लबकी फूलमति राना ४० मिनेट २७.०१ सेकेण्डमा दौड समाप्त गर्दै चौथो भइन् ।

गणेशमान सिंह फाउन्डेसन र वीर गणेशमान सिंह स्पोर्ट्स कमिटीद्वारा आयोजित प्रतियोगितामा ५ सय धावकले दौडिएका थिए । विजेता खेलाडीलाई कार्यक्रमका प्रमुख अतिथी शहरी विकास मन्त्री प्रकाशमान सिंह लगायतले पुरस्कृत गरेका थिए ।

## थाइल्याण्ड ओपन करातेमा एरिकालाई स्वर्ण

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाली कराते स्टार एरिका गुरुङले थाइल्याण्ड ओपन करातेमा स्वर्ण पदक जितेकी छन् । उनले सिनियर महिला कुमिते +६८ केजीमा थाइल्याण्डकी चनकन खियोखामलाई पराजित गरिन् । यही स्पर्धामा नेपालकै महिमा राईले कास्य पदक जितेकी छन् ।

एरिका नेपालका लागि गत वर्ष एसियन सिनियर करातेमा ऐतिहासिक रजत पदक तथा केही साताअघि भएको कराते १ प्रिमियर लिगमा पनि ऐतिहासिक कास्य पदक जितेकी थिइन् ।

थाइल्याण्ड ओपन करातेमा नेपालका लागि अन्य खेलाडीहरूले पनि राम्रो प्रदर्शन गरेका छन् । यू१२ पुरुष कुमिते ३७ केजीमा सम्पन्न बस्नेतले रजत जिते । सिनियर पुरुष कुमिते ७५ केजीमा राजिव पुडासैनीले तेस्रो स्थान हासिल गरेका छन् । त्यस्तै सिनियर महिला कुमिते ६८ केजीमा कृतिका अधिकारी तेस्रो भइन् । सिनियर महिला कुमिते ५५ केजीमा सबिना श्रेष्ठले तेस्रो स्थान हासिल गरिन् ।

सिनियर महिला कुमिते ५० केजीमा वर्षा बुढामगर तेस्रो भइन् । यू१४ महिला ५२ केजीमा दिया तामाङ तेस्रो भइन् ।



सातौं शताब्दीमा वर्तमान इराकमा पैगम्बर मुहम्मदका नाति हुसेनको मृत्युको सम्झनामा शुक्रबार इराकको नजफमा रहेको इमाम अली दरबारमा आयोजित मुहर्रम जुलुसमा सहभागी शियाहरू । *तस्बिर: एपी*

# ‘गाजामा अर्को साता युद्धविराम सम्भव’



**वासिङ्टन–** संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले गाजाको जटिल परिस्थितिमा सकारात्मक संकेत दिँदै आउँदो साताभित्र युद्धविरामको सम्भावना रहेको आशा व्यक्त गरेका छन् । इजरायलद्वारा समर्थन प्राप्त सहायता वितरण केन्द्रहरूमा बढ्दो नागरिक मृत्युका घटनाहरूलाई लिएर अन्तर्राष्ट्रिय समुदायको चासो बढ्दो छ ।

पत्रकारहरूको प्रश्नको जवाफमा राष्ट्रपति ट्रम्पले भने, ‘हामीलाई लाग्छ, अर्को साता युद्धविराम सम्भव हुने छ ।’ पूर्वराष्ट्रपति जो बाइडेनको कार्यकालको अन्त्यतिर अमेरिकाको पहलमा गाजामा युद्धविराम गरिएको थियो, सो युद्धविराम मार्च महिनामा इजरायलले तोडेको थियो ।

त्यसपछिका दुई महिनाभन्दा बढी समय इजरायली पक्षले गाजामा खाद्यान्न तथा अन्य अत्यावश्यक सामग्री आपूर्ति पूर्णरूपमा बन्द गरेको थियो । अहिले केही आपूर्ति अमेरिकी तथा इजरायली सहयोगमा स्थापना गरिएको गाजा मानवीय सहायता कोष (जिएचएफ) मार्फत पुनः सुरु गरिएको छ ।

संयुक्त राष्ट्रसंघ तथा अन्य मानवीय संस्थाहरूले हालको सहायता वितरण प्रणालीप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन् । संयुक्त राष्ट्रसंघीय राहत प्रमुख फिलिप लाजारिनीले भने, ‘नयाँ सहायता प्रणालीले एक प्रकारको ‘हत्या स्थल’ को रूप लिएको छ । नागरिकहरू आफ्ना परिवारका लागि खाना खोज्दा गोली लागेर ज्यान गुमाइरहेका छन् ।’

उनले यस्तो अवस्था अन्त्य गरी पूर्ववत् संयुक्त राष्ट्रसंघको सहायता प्रणाली पुनः सञ्चालनमा ल्याउन आह्वान गरे । गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार, मे महिनाको अन्त्यदेखि हालसम्म सहायता वितरण केन्द्रहरू नजिकै ५०० भन्दा बढी व्यक्तिको ज्यान गइसकेको छ ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले पनि यस विषयमा चिन्ता व्यक्त गर्दै भने, ‘खाना खोज्न निस्कनु कसैका लागि मृत्युको कारण बन्नु हुँदैन । इजरायलको प्रतिक्रियाः ‘हामी नागरिकलाई लक्षित गर्दैनौं’

इजरायलले यस्ता घटनामा आफ्ना सुरक्षाकर्मीहरूको संलग्नता अस्वीकार गरेको छ । उसले जिएचएफमार्फत गाजामा ४६ मिलियन भोजन वितरण गरिएको बताउँदै मानवीय कार्यलाई गलत ढंगले प्रस्तुत नगर्न आग्रह गरेको छ ।

हालै इजरायली पत्रिका हारेत्जमा प्रकाशित एक समाचारमा सैनिकहरूलाई भीड तितरबितर पार्न गोली चलाउन निर्देशन दिएको उल्लेख गरिएको छ । यसबारेमा इजरायली सेनाको कानुनी निकायले पनि अनुसन्धान गर्न निर्देशन दिएको बताइएको छ । तर प्रधानमन्त्री नेतान्याहू र रक्षामन्त्री इजरायल काट्जले संयुक्त वक्तव्य जारी गर्दै सो समाचारलाई ‘झूटा आरोप र दुर्भावनापूर्ण प्रचार’ भनेका छन् ।

### द्वन्द्व जारी

गाजाको नागरिक सुरक्षा विभागका अनुसार, शुक्रबारमात्रै इजरायली हमलामा ८० जना मारिएका छन्, जसमध्ये केही सहायता लिन जाँदा, केही विद्यालयमा बसिरहेका र केही सडकमा रहेको अवस्थामा मारिएका थिए ।

यसैबीच, हमास र इस्लामिक जिहादका सशस्त्र समूहहरूले दक्षिण गाजाको खान युनिस क्षेत्रमा इजरायली सेनामाथि आक्रमण गरेको दाबी गरेका छन् । अक्टोबर ७, २०२३ मा हमासद्वारा इजरायलमा भएको आक्रमणमा एक हजार २१९ जनाको ज्यान गएको थियो । त्यसपछि सुरु भएको इजरायली सैन्य कारबाहीमा गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार ५६ हजार ३३१ जनाको मृत्यु भइसकेको छ, जसमा धेरैजसो सर्वसाधारण नागरिक छन् । संयुक्त राष्ट्रसंघले यस तथ्यांकलाई विश्वसनीय मानेको छ । *रासस/एएफपी*

# द्वन्द्व बढेसँगै चरम गरिबी झन् गहिरिँदै: विश्व बैंक




**वासिङ्टन–** विश्व बैंकले एक नयाँ अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै विश्वभर दोहोरिँदो द्वन्द्व र अस्थिरता कारण गरिबीको समस्या भयावह बन्दै गएको गम्भीर चेतावनी दिएको छ ।

प्रतिवेदनअनुसार सन् २००० को दशकको सुरुआतदेखि हालसम्म द्वन्द्व र त्यसबाट हुने जनधनको क्षति तीन गुणा बढी भएको छ । यसले गर्दा असुरक्षित र द्वन्द्व प्रभावित मुलुकहरूमा अत्यधिक गरिबी र खाद्य संकटको अवस्था अझ गहिरिँदै गएको उल्लेख गरिएको छ ।

यस वर्षमात्र ४२ करोडभन्दा बढी मानिसहरू दिनको तीन अमेरिकी डलरभन्दा कम आम्दानीमा गुजारा चलाइरहेका छन्, जुन स्थिति विश्व बैंकले ‘चरम गरिबी’ को परिभाषामा राखेको छ । यस्तो दरले बढिरहेमा सन् २०३० सम्म यो संख्या ४३ करोड ५० लाख नाघ्न सक्ने अनुमान गरिएको छ । विश्व बैंक समूहका प्रमुख अर्थशास्त्री इन्दरमित गिल भने, ‘युक्रेन र मध्यपूर्वका द्वन्द्वमा हाल विश्व समुदायको ध्यान केन्द्रित भए पनि, आजका आधा द्वन्द्वग्रस्त देशहरू १५ वर्षभन्दा लामो समयदेखि अशान्ति र अस्थिरतामा फसेका छन् ।’

हाल ३९ देशलाई द्वन्द्व प्रभावित मुलुकको सूचीमा राखिएको छ, जसमा २१ देश प्रत्यक्ष सशस्त्र संघर्षमा रहेका छन् । यस सूचीमा युक्रेन, सोमालिया, दक्षिण सुडान, गाजा क्षेत्र र पश्चिमी तटका साथै इराकजस्ता देशहरू समावेश छन् । यद्यपि, इरान भने समावेश गरिएको छैन । विश्व बैंकले भनेको छ, ‘द्वन्द्वको सुरुआत हुनु अघि नै गरिने रोकथामको पहल धेरै सस्तो, प्रभावकारी र दीर्घकालीन रूपमा फाइदाजनक हुन्छ ।

विश्व बैंकका उपप्रमुख अर्थशास्त्री आयहान कोसे भने, ‘पछिल्लो डेढ दशकमा द्वन्द्वग्रस्त देशहरूमा विकास होइन, आर्थिक जडता नै सामान्य अवस्था बनेको छ । यस्तो परिस्थितिमा परिवर्तन ल्याउन अबको प्रयास निर्णायक हुनसक्छ ।’ *रासस/एएफपी*

# फ्रान्समा सार्वजनिक स्थानमा धूमपान प्रतिबन्ध




**पेरिस–** फ्रान्सले आगामी आइतबारदेखि समुद्री किनार, पार्क, सार्वजनिक बगैंचा तथा बस प्रतीक्षालय (बस स्टप) जस्ता सार्वजनिक स्थानहरूमा धूमपान पूर्णरूपमा प्रतिबन्धित गर्ने घोषणा गरेको छ । शनिबार सरकारी गजेटमा प्रकाशित नयाँ आदेशअनुसार यो प्रतिबन्ध पुस्तकालय, पोहोर पोखरी (स्विमिङ पुल) तथा विद्यालयबाहिरको क्षेत्रमा पनि लागू हुने छ ।

स्वास्थ्यमन्त्री क्याथरिन भोत्रिनले यसअघि मे महिनामा बालबालिकालाई निस्क्रिय धूमपान (प्यासिभ स्मोकिङ) बाट जोगाउन यस्तो निर्णय आवश्यक भएको बताइन् । उनले भनिन्, ‘जहाँ बालबालिका हुन्छन्, त्यहाँबाट चुरोट हट्नुपर्छ । बालबालिकालाई शुद्ध हावामा सास फेर्ने अधिकार छ ।’

यो नियम इलेक्ट्रोनिक चुरोट (ई-सिगरेट) मा लागू हुने स्पष्ट गरिएको छैन भने क्याफेहरूको बाहिरी टेरेसमा भने धूमपान गर्न पाइने छ । नियम उल्लंघन गर्ने व्यक्तिले १३५ युरो (करिब १५८ अमेरिकी डलर) जरिवाना तिर्नुपर्ने छ ।

फ्रान्समा प्रत्येक वर्ष करिब ७५ हजार मानिसको मृत्यु धूमपानसम्बन्धी रोगका कारण हुने अनुमान गरिएको छ । हालै गरिएको जनमत सर्वेक्षणअनुसार ६२ प्रतिशत फ्रेञ्च नागरिकले सार्वजनिक स्थानमा धूमपान प्रतिबन्धलाई समर्थन गरेका छन्। *रासस/एएफपी*

# पाकिस्तानको उत्तर वजिरिस्तानमा आत्मघाती आक्रमण, १६ सुरक्षाकर्मीको मृत्यु

**पेशावर, पाकिस्तान–** पाकिस्तानको खैबर पख्तुनख्वा प्रान्तको उत्तर वजिरिस्तान जिल्लामा शनिबार भएको एक आत्मघाती आक्रमणमा परी १६ जना सुरक्षाकर्मीले ज्यान गुमाएका छन् भने ३० जनाभन्दा बढी व्यक्ति घाइते भएका छन् । घाइतेहरूमा सर्वसाधारण, प्रहरी कर्मचारी र बालबालिकासमेत रहेका छन् ।

स्थानीय प्रशासनका एक अधिकारीका अनुसार, विष्फोटक पदार्थले भरिएको सवारीसाधन एक सैनिक गाडीको समूहमा ठोक्किएको थियो । प्रारम्भमा १३ जनाको मृत्यु भएको बताइएको भए पनि पछिल्लो विवरणअनुसार १६ जनाको ज्यान गएको पुष्टि गरिएको छ । विष्फोटको कारणले नजिकका दुईवटा घरका छाना भत्किँदा छ जना बालबालिका घाइते भएका प्रहरी स्रोतले जानकारी दिएको छ ।

यो आक्रमणको जिम्मेवारी हाफिज गुल बहादुर समूहअन्तर्गतको आत्मघाती हमला समूहले लिएको बताइएको छ, जुन पाकिस्तानमा क्रियाशील एक सशस्त्र संगठन हो । सन् २०२१ मा अफगानिस्तानमा तालिबान पुनः सत्तामा पुगेपछि पाकिस्तानका सीमावर्ती क्षेत्रमा हिंसात्मक घटनाहरूमा तीव्र वृद्धि भएको छ । पाकिस्तानले यस्ता आक्रमणहरूका लागि अफगान भूमि प्रयोग भएको आरोप लगाउँदै आएको छ, यद्यपि अफगान सरकारले उक्त आरोप अस्वीकार गर्दै आएको छ ।

एएफपीको विवरणअनुसार सालको सुरुदेखि अहिलेसम्म खैबर पख्तुनख्वा र बलुचिस्तान प्रान्तमा भएका विभिन्न हिंसात्मक घटनामा झण्डै २९० जनाले ज्यान गुमाइसकेका छन्, जसमा अधिकांश सुरक्षाकर्मी रहेका छन् । *रासस/एएफपी*

# पाकिस्तानमा भारी वर्षापछि आएको बाढीका कारण २४ जनाको मृत्यु



**पेशावर, पाकिस्तान–** पाकिस्तानमा यो साता मनसुन सुरु भएपछि भएको भारी वर्षा र बाढीका कारण १२ बालबालिकासहित २४ जनाको मृत्यु भएको प्रकोप व्यवस्थापन अधिकारीहरूले बताएका छन् । पञ्जाबको पूर्वी प्रान्तमा बुधबारदेखि शनिबारसम्म कम्तीमा १३ जनाको मृत्यु भएको पञ्जाबको विपद् व्यवस्थापन प्राधिकरणले शनिबार जनाएको छ ।

भारी वर्षाका कारण कम्पाउण्डका पर्खाल, घर तथा छाना भत्किँदा कम्तीमा आठ जना बालबालिकाको मृत्यु भएको छ । खैबर पख्तुनख्वाका अधिकारीहरूले पछिल्लो २४ घण्टामा आएको बाढी र पहिरोमा परी ११ जनाको मृत्यु भएको बताएका छन् । मृत्यु हुनेमा चार बालबालिका र तीन महिला रहेका छन् भने अन्य छ जना घाइते भएको प्रान्तीय विपद् व्यवस्थापन निकायले शुक्रबार अबेर जनाएको छ ।

उक्त निकायका अनुसार मृत्यु हुनेमा १० जना उत्तरपश्चिमी स्वात उपत्यकाका थिए । स्थानीय सञ्चारमाध्यमका अनुसार उक्त इलाकामा अचानक आएको बाढीले नदी किनारमा रहेका घर र त्यहाँ बसोबास गर्ने परिवारलाई बगाएको थियो । खैबर पख्तुनख्वामा आएको बाढीले ५६ घरमा क्षति पुर्‍याएको छ जसमध्ये छ वटा घर पूर्णरूपमा भत्किएका छन् ।

राष्ट्रिय मौसम विज्ञान सेवाले मंगलबारसम्म भारी वर्षा र आकस्मिक बाढीको जोखिम उच्च रहने चेतावनी दिएको छ । गत महिना पाकिस्तानमा आएको भीषण आँधीबेहरी, असिनासहित विभिन्न चरम मौसमी घटनाहरूमा परी कम्तीमा ३२ जनाको मृत्यु भएको थियो । *रासस/एएफपी*

# ब्राजिलको बेरोजगारी दर विगत १० वर्षयताको सबैभन्दा न्यून

**रियो दि जेनेरियो–** ब्राजिलमा चालु वर्षको मार्चदेखि मेसम्मको अवधिमा बेरोजगारी दर घट्दै ६.२ प्रतिशतमा पुगेको छ, जुन विगत १० वर्षको सोही अवधिमा सबैभन्दा कम हो भन्ने तथ्य ब्राजिलको भूगोल तथा तथ्यांक संस्थान (आइबिजिई) द्वारा सार्वजनिक गरिएको छ ।

संस्थानका अनुसार, डिसेम्बर-फेब्रुअरीसम्मको अघिल्लो त्रैमासिक अवधिमा बेरोजगारी दर ६.८ प्रतिशत थियो । हालको दर अघिल्लो अवधिको तुलनामा ०.६ प्रतिशत बिन्दुले कमी आएको हो । यस्तै, गत वर्षको यही अवधिमा ७.१ प्रतिशत रहेको दर अहिले ०.९ प्रतिशत बिन्दुले घटेको देखिएको छ ।

उक्त त्रैमासिक अवधिमा करिब ६८ लाख व्यक्तिहरू बेरोजगार रहेको विवरण छ, जुन अघिल्लो त्रैमासिकको ७५ लाखभन्दा ८.६ प्रतिशतले कम हो । यो घटबढको आधारमा करिब छ लाख ४४ हजार व्यक्तिहरूले रोजगारी प्राप्त गरेको देखिन्छ । त्यस्तै, अघिल्लो वर्षको सोही अवधिको तुलनामा यो संख्या करिब नौ लाख ५५ हजारले घटेको छ, जुन १२.३ प्रतिशतको गिरावट हो ।

आइबिजिईका विश्लेषक विलियम क्राटोकभिलका अनुसार, ‘बेरोजगारी दर घट्नुको प्रमुख कारण रोजगारी प्राप्त गर्ने व्यक्तिहरूको संख्या उल्लेख्यरूपमा बढ्नु हो । साथै, श्रमशक्तिको अपूर्ण उपयोग पनि घटेको पाइन्छ ।’

उनका अनुसार सामाजिक सुरक्षा प्रणालीमा योगदान पुर्‍याउने व्यक्तिहरूको संख्या हालसम्मकै उच्च बिन्दुमा पुगेको छ । सर्वेक्षणको सन्दर्भ सप्ताहमा १४ वर्ष वा सोभन्दा माथिका छ करोड ८३ लाख नागरिकहरू कुनै न कुनै प्रकारको रोजगारीमा संलग्न थिए ।

‘यसले श्रमबजारको सुदृढीकरणलाई संकेत गर्दछ । औपचारिक रोजगारीमा आबद्ध तथा स्वरोजगारीमा रहेका धेरै व्यक्तिहरू नियमानुसार दर्ता भएका छन्, जसको फलस्वरूप पेन्सन प्रणालीमा योगदान पुर्‍याउने व्यक्तिको संख्या बढेको देखिन्छ,’ विश्लेषक क्राटोकभिलले थप जानकारी दिए । *रासस/सिन्ह्वा*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १८९४०० | प्रति तोला – ० | प्रति तोला – २१६५ |



**सुगम बन्दै डेढगाउँ** | कालीगण्डकी करिडोरमा पर्ने नवलपरासी (बर्दाघाट – सुस्तापूर्व) को बौदीकाली गाउँपालिकास्थित डेढगाउँ। करिडोर निर्माण भएपछि कालीगण्डकी नदी किनारका दुर्गम गाउँ सुगम बन्दै बजार र व्यापारिक केन्द्रमा परिणत हुन थालेका छन्। *तस्बिरः सागर गिरी/रासस*

# धान रोपाइँ देशभर साढे १५ प्रतिशत

■ प्रभाव संवाददाता



**काठमाडौं–** यसवर्ष हाल सम्म देशभर करीब साढे १५ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रले जारी गरेको तथ्यांक अनुसार हाल सम्म देशभर १५.६ प्रतिशत रोपाइँ सकिएको छ ।

केन्द्रका अनुसार देशभर १३ लाख ९१ हजार ३२१ हेक्टर जमिनमा धान खेती हुने गरेकोमा हाल सम्म जम्मा २ लाख १७ हजार २८९ हेक्टर जमिनमा रोपाइँ सकिएको हो । गतवर्षको तुलनामा भने यसवर्ष हाल सम्म १.६ प्रतिशत रोपाइँ कम भएको छ ।

प्रदेशगत हिसाबले सूदूरपश्चिम प्रदेशमा मात्रै हाल सम्म ४५.५ प्रतिशत धान रोपाइँ सम्पन्न भएको केन्द्रले जनाएको छ । गत वर्ष यस अवधि सम्म सूदूरपश्चिममा ४० प्रतिशत मात्रै धान रोपाइँ सकिएको थियो । सूदूरपश्चिममा कुल १ लाख ७६ हजार १५१ हेक्टर जमिनमा धान रोपाइँ हुने गरेकोमा हाल सम्म ८० हजार १२८ हेक्टरमा रोपाइँ सकिएको हो ।

कर्णाली प्रदेशमा हाल सम्म ३९.१ प्रतिशत धान रोपाइँ सकिएको छ । यस प्रदेशमा ४० हजार ८८४ हेक्टरु जमिनमा धान खेती गरिन्छ । त्यस मध्ये हाल सम्म करीब १६ हजार हेक्टरमा रोपाइँ सकिएको छ । गत वर्षको यस अवधि सम्म भने यस प्रदेशमा हाल सम्म करीब २४ प्रतिशत रोपाइँ सकिएको थियो।

लुम्बीनी प्रदेशमा हाल सम्म ९.७ प्रतिशत धान रोपाइँ भएको छ । गत वर्ष यस अवधि सम्म लुम्बीनीमा १८.५ प्रतिशत धान रोपाइँ भएको थियो । यस प्रदेशमा कुल ३ लाख २ हजार ८८९ हेक्टर जमिनमा धानखेती हुने गरेको छ ।

गण्डकी प्रदेशमा हाल सम्म १३.८ प्रतिशत धान रोपाइँ भएको केन्द्रले जनाएको छ । गत वर्ष यस अवधि सम्म यस प्रदेशमा १२.४ प्रतिशत मात्रै धान रोपाइँ सकिएको थियो । यस प्रदेशमा कुल ९४ हजार १८२ हेक्टरमा धानखेती हुने गरेको छ ।

बागमती प्रदेशमा हाल सम्म २०.५ प्रतिशत धान रोपाइँ भएको छ । गत वर्ष यस अवधि सम्म यहाँ करीब साढे १९ प्रतिशत रोपाइँ भएको थियो । यस प्रदेशमा कुल १ लाख २० हजार ५४५ हेक्टर जमिनमा धानखेती हुने गरेको केन्द्रले जनाएको छ ।

मधेश प्रदेशमा हाल सम्म सबैभन्दा कम ३.९ प्रतिशत धान रोपाइँ भएको छ । यद्यपी, सप्तरी, रौतहट र महोत्तरी जिल्लाको धान रोपाइँको तथ्यांक हाल सम्म उपलब्ध नभएकाले यसमा समावेश नभएको केन्द्रले जनाएको छ । यस प्रदेशमा कुल ३ लाख ८० हजार हेक्टर जमिनमा धानखेती हुनेगरेको छ ।

कोशी प्रदेशमा हाल सम्म १४.३ प्रतिशत धान रोपाइँ सकिएको छ । यस प्रदेशमा कुल २ लाख ७६ हजार ३८७ हेक्टर जमिनमा धानखेती हुने गरेको छ ।

# ‘आन्तरिक उत्पादन र कर प्रणाली सुधार आवश्यक’

■ प्रभाव संवाददाता

**काठमाडौं–** सांसदहरूले आन्तरिक उत्पादन वृद्धिदेखि कर प्रणालीको सुधार आवश्यक रहेको धारणा व्यक्त गरेका छन् ।

प्रतिनिधिसभाको शनिबारको बैठकमा आर्थिक विधेयक, २०८२ माथि प्राप्त संशोधनसहितको छलफलमा सहभागीहरूले उक्त धारणा राखेका हुन् ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले आन्तरिक उत्पादन बढाएर आयात प्रतिस्थापन गर्नुपर्नेमा जोड दिए । उनले भने, ‘हरित कर लगाउने प्रस्ताव आवश्यक छैन, प्रदूषण कर लागू गरेर हरित सहर निर्माण गर्नुपर्छ, मदिरा र सुर्तीको प्रयोग अन्त्य गर्ने वातावरण बनाउनुपर्छ ।’ उनले सरकारको प्रत्यक्ष संलग्नतामा जलविद्युत् र सिँचाइ परियोजनाहरू सञ्चालन गर्नुपर्नेमा पनि जोड दिए ।

सांसद प्रभु साहले ठूला वर्गहरूलाई पनि करको दायरामा ल्याउन माग गरे । ‘सामान्य किसानलाई कर तिर्न बाध्य बनाइन्छ, तर ठूला पेशागत व्यक्तिहरू करको दायरामा पर्दैनन्’, उनले भने, ‘करको दायरा बढेको भए पनि राजस्व असुलीमा ठूलो घोटाला छ ।’

सांसद रणेन्द्र बरालीले सुनचाँदीजस्ता गहनालाई विलासी वस्तुको सूचीमा राखेर कर लगाउन नहुने तर्क गरे । ‘जन्मदेखि मृत्युसम्म सुनचाँदी चाहिन्छ, ठूला होटेलका महङ्गा र विलासी वस्तुसँग तुलना गरेर गहनामा विलासी शुल्क लगाउनु अव्यवहारिक छ’, उनले भने, ‘विदेशबाट तोकिएको मात्राभन्दा बढी सुन ल्याएमा जफत गरिने व्यवस्था मजदुरवर्गमाथि अन्याय हो । त्यसलाई खारेज गर्नुपर्छ ।’

सांसद नारायणी शर्माले जडीबुटी उत्पादनलाई प्रोत्साहन गरी जडीबुटीजन्य उद्योगको प्रवर्द्धन गर्नुपर्नेमा जोड दिइन् । उनले देशको अर्थतन्त्र सुधारका लागि प्राकृतिक स्रोतको सदुपयोग आवश्यक रहेको उल्लेख गरिन् । सांसद छिरीङ डम्डुल लामाले विलासी वस्तुअन्तर्गत २ प्रतिशत करले सुनचाँदी तथा हिरा व्यवसाय प्रभावित हुने बताइन् ।

सांसद शक्तिबहादुर बस्नेतले आय-व्ययको तालमेल नमिलेको तथा विधेयकमा समेटिएका तथ्यांक यथार्थपरक नभएको टिप्पणी गरे । ‘सामाजिक न्यायका मूल्यहरू कमजोर हुँदै गइरहेका छन्, बृद्धभत्ताको उमेरसमेत घटाइएको छ, यस्तो अवस्थामा कर प्रणालीलाई प्रगतिशील बनाउन जरुरी छ’, उनले भने ।

सांसद माधव सापकोटाले नागरिकले कर तिर्नुपर्ने भए पनि राज्यले सामाजिक उत्तरदायित्व पूरा गर्न नसकेको उल्लेख गरे । उनले भने, ‘कर तिर्दा नागरिकले संरक्षकत्वको प्रत्याभूति पाउनुपर्छ, तर सामाजिक सुरक्षाको भत्ता घटाइएको छ, जुन उचित निर्णय होइन ।’

सांसद रूपा सोशी चौधरीले आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नुपर्ने बताउँदै आर्थिक नीति सरल नहुँदा नेपालमा धेरै उद्योग बन्द भइरहेको उल्लेख गरिन् । उनले उद्योग प्रवर्द्धनमा सरकार गम्भीर हुनुपर्नेमा जोड दिइन् ।

सांसद वर्षमान पुनले सुनचाँदीलाई विलासी वस्तुको सूचीबाट हटाउनुपर्ने सुझाव दिँदै कर बृद्धि गर्ने नीति गलत रहेको बताए । उनले औषधिजन्य वस्तुहरूमा मूल्य अभिवृद्धि कर (भ्याट) हटाउनुपर्ने धारणा राखे ।

सांसद अमनलाल मोदीले स्वदेशी उत्पादनलाई प्रोत्साहन दिनुपर्ने भन्दै त्यसमार्फत रोजगारी सिर्जना र राजस्व वृद्धिमा सहयोग पुग्ने धारणा व्यक्त गरे । सांसद डा. प्रकाशशरण महतले सुन आयातमा रहेको कोटा प्रणाली हटाउनुपर्ने माग गरे । ‘सुनचाँदीजस्ता वस्तुमा कर लगाउनु हुँदैन । कुन वस्तुमा कर लगाउने भन्ने स्पष्ट नीति आवश्यक छ,’ उनले भने, ‘आन्तरिक उत्पादन र रोजगारी बृद्धि भएमा करको दायरा स्वाभाविक रूपमा विस्तार हुन्छ ।’ छलफलमा सांसद भगवती चौधरी, रञ्जुकुमारी झालगायतले पनि आ-आफ्ना धारणा राखेका थिए ।

# सुकेटार विमानस्थलमा हवाई सेवा ठप्प

**फुङ्लिङ (प्रस)–** ताप्लेजुङको एकमात्र हवाई सेवा सञ्चालन हुँदै आएको सुकेटार विमानस्थलमा हवाई उडान ठप्प भएको छ ।

चार महिना लामो बन्दपछि चैतको अन्तिम साताबाट पुनः सञ्चालनमा आएको नेपाल वायु सेवा निगमको हवाई सेवा जेठ ३० गतेयता एकपटक पनि सञ्चालन हुन सकेको छैन । निगमका ताप्लेजुङ स्टेसन इञ्चार्ज नारायणकुमार कार्कीका अनुसार बर्खायाम सुरू भएसँगै कुहिरो र कम भिजिबिलिटीका कारण असारयता चार उडान प्रभावित भएका छन् ।

प्रत्येक सोमबार र शुक्रबार नियमित हुने काठमाडौं-ताप्लेजुङ उडान निरन्तर रद्द हुन थालेपछि यात्रुहरू मर्कामा परेका छन् । इञ्चार्ज कार्कीले भने, ‘मौसम प्रतिकूल भएकाले जहाजले अवतरण गर्नसक्ने अवस्था छैन । भिजिबिलिटी न्यून भएकाले सुरक्षाको दृष्टिकोणले उडान रोकिनुपरेको हो ।’ शुक्रबार ताप्लेजुङ-काठमाडौं र काठमाडौं-ताप्लेजुङ उडानमा तीन-तीनजना यात्रुले टिकट लिएका थिए । तर मौसम सुध्रिन नसक्दा उडान रद्द भयो । नियमित उडान नहुँदा जिल्ला आवतजावत गर्ने यात्रुको संख्या घट्दै गएको छ ।

# महिलालाई उद्यमी बनाउन सीप विकास केन्द्र

■ प्रभाव संवाददाता

**झापा–** ग्रामीण क्षेत्रका महिलाहरूलाई सीप सिकाएर उद्यमशीलता बनाउने लक्ष्यका साथ मेचीनगर नगरपालिकाले महिला सीप विकास केन्द्रको निर्माण गरेको छ ।

संघीय सरकार, प्रदेश सरकार र पालिकाको रु तीन करोड ५० लाखको लागतमा सो केन्द्रको निर्माण गरी सञ्चालनमा ल्याएको हो । मेचीनगर नगरपालिकाभित्रका विपन्न, सीमान्तकृत, लोपोन्मुख, उत्पीडित र ग्रामीण क्षेत्रका महिलालाई सीप सिकाएर व्यावसायिक बनाउने उद्देश्य लिएर भवन निर्माण गरिएको मेचीनगर नगरपालिकाकी उपप्रमुख मीना उप्रेतीले बताइन् ।

मेचीनगर-८ मा निर्माण भएको भवन नगर गौरवका योजनामध्येको एक रहेको उनको भनाइ छ । उनले सीप केन्द्रमा महिलाहरूले उत्पादन गरेका सामग्री बजारीकरणमा नगरपालिकाले नै सहकार्य गर्ने बताइन् । ‘हामी उहाँहरूले इच्छाएको सीप सिकाएर दक्ष बनाउँछौँ’, उनले भनिन्, ‘सीप सिकेर उत्पादन गरिएका सामग्रीको बजारीकरणमा समेत सहकार्य गर्छौं ।’ उद्यमी बन्न चाहाने महिलाहरूका लागि यो तालिम केन्द्र उपलब्धीमूलक हुने उपप्रमुख उप्रेतीले बताइन् ।

नगरपालिकाको गौरवको योजनाअन्तर्गत विसं २०७४ देखि भवन निर्माणका लागि सुरू भएको तालिम केन्द्र यसपटक सम्पन्न भएको हो । केन्द्रमा ज्येष्ठ नागरिक महिलाहरूलाई पातको दुनाटपरी, लाखबत्तीलगायतका विभिन्न सीपमूलक तालिम सिकाउने तथा त्यसको बिक्री वितरण गर्ने, त्यस्तै महिलाहरूको लागि कम्प्युटर तालिम, आयआर्जनका विभिन्न सीपमूलक तालिम मायाको चिनो, सजावटका सामान, ब्याग, फूलदानी, ढाका बुन्नेलगायतका तालिम प्रदान गर्दै महिलाहरू आत्मनिर्भर बनाउने लक्ष्य नगरपालिकाले लिएको छ ।

जसमध्ये ढाका बुन्ने तीन महिने तालिमको सुरूआत समेत गरिसकेको छ । महिलाहरूको जीवनमा परिवर्तन ल्याउन महिलाको हातमा सीप र आर्थिक स्रोत अपरिहार्य हुन्छ भन्ने मनन गरी नगरपालिकाले तालिम केन्द्रको स्थापना गरेको नगर उप्रमुख उप्रेती बताउँछिन् ।

# प्रतिनिधिसभाबाट राष्ट्र ऋण उठाउने विधेयक-२०८२ पारित

**काठमाडौं-** राष्ट्र ऋण उठाउने विधेयक, २०८२ प्रतिनिधिसभाबाट बहुमतले पारित भएको छ। उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उक्त विधेयक पारित गरियोस् भनी प्रस्ताव पेस गरेका थिए । उक्त प्रस्तावमाथिको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै अर्थमन्त्री पौडेलले उत्पादन, उत्पादकत्व वृद्धि र विकास तथा समृद्धिको आकाङ्क्षा पूरा गर्न ऋण लिन आवश्यक रहेको बताए ।

साधारण खर्चका लागि ऋण लिने नभई पुँजीगत खर्चका लागि मात्रै लिनुपर्ने भनेर सदनबाट आएका सुझाव ग्रहणयोग्य रहेका उनले लिए । ‘उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि ऋण लिने हो । चालु आर्थिक वर्षको र आगामी आर्थिक वर्षको बजेटको स्रोत हेर्ने हो भने आन्तरिक राजस्वले व्यहोर्ने खर्चको दायित्व बढाएर प्रस्ताव गरिएको छ । ऋणबाट व्यहार्ने खर्चको दायित्व घटेको छ’, पौडेलले भने । विगतको ऋणको साँवाब्याज तिर्न बढी रकम खर्च हुने गरेको अर्थमन्त्री पौडेलले बताए ।

उक्त विधेयकमाथिको छलफलको क्रममा सांसद डा प्रकाशशरण महतले सार्वजनिक ऋण बढ्दै जानु र त्यस्तो रकम पुंजी निर्माणमा खर्च हुन नसक्नु गम्भीर समस्याका रूपमा रहेको बताए । ‘हरेक वर्ष आन्तरिक ऋणको आकार बढिरहेको छ । आन्तरिक वा बाह्य ऋण किन लिने हो भन्ने कुरामा सरकार गम्भीर हुन जरुरी छ । साधारण खर्च धान्न आन्तरिक ऋण लिँदै जाने हो भने त्यो दिगो हुँदैन’, उनले भने ।

पूर्व अर्थमन्त्री महतले आन्तरिक ऋणको ठूलो हिस्सा साधारण खर्चमा गइरहेको बताए । अहिले सरकारले बैंक तथा वित्तीय संस्थाबाट आन्तरिक ऋण लिने गरेको र बजेटमार्फत तलबभत्तालगायत साधारण शीर्षकमा खर्च गर्ने गरेकामा त्यस्तो प्रवृत्रि् रोक्नुपर्नेमा उनले जोड दिए ।

अहिले बैंक तथा वित्तीय संस्थामा प्रशस्त तरलता भएको अवस्थामा सरकारले आन्तरिक ऋण उठाउँदा समस्या नभए पनि भोलिका दिनमा तरलता अभाव हुँदा बैंक तथा वित्तीय संस्थाले अन्य क्षेत्रमा आफैं लगानी गर्नसक्ने अवस्था नरहने र ब्याजदर पनि बढ्ने सम्भावनाबारे सचेत हुनुपर्ने बताए । आन्तरिक ऋण उठाउनका लागि बण्डलगायतका वैकल्पिक स्रोत खोज्न सक्नुपर्ने सुझाव पनि डा।महतको थियो ।

अर्का सांसद हितराज पाण्डेले पनि सरकारी ऋण पुँजी निर्माणमा खर्च हुन नसकेको बताए । ‘हामीले ऋण लिएर साधारण प्रकृतिका शीर्षकमा धेरै खर्च गर्न थाल्यौँ त्यसलाई उत्पादन वृद्धि हुने पुँजीगत शीर्षकमा खर्च गरिनुपर्छ । प्रतिफल विश्लेषण गरेर निश्चित योजनाका लागि मात्रै ऋण लिन व्यवस्था गरिनुपर्छ’ पाण्डेले भने । खानी र खनिजजन्य वस्तुको उत्खनन, प्रशोधन र प्रयोगका लागि सार्वजनिक ऋण खर्च गर्न सक्नुपर्ने उनको भनाइ थियो ।

सांसद माधव सापकोटाले आन्तरिक उत्पादन र पुँजीगत खर्च बढाउन सक्नुपर्ने धारणा राखे । मुलुकको वर्तमान आर्थिक अवस्थाको विश्लेषण गरी सोही आधारमा मात्र सार्वजनिक ऋण उठाउनसके यसले वित्तीय अनुशासन कायम हुने धारणा उनको थियो । सरकारले ऋण लिनुपर्ने उद्देश्य र कारण पनि स्पष्ट पार्नुपर्ने सांसद सापकोटाको भनाइ थियो । आजको बैठकबाट राष्ट्र ऋण उठाउने विधेयक, २०८२ माथि परेका संशोधन प्रस्तावहरू बहुमतले अस्वीकृत भएका थिए । *रासस*

बालश्रम अन्त्य गरौं

**बालश्रमका कारणः**

- शिक्षाबाट बञ्चित हुने,
- मानसिक र शारिरीक स्वास्थ्यमा असर पर्ने,
- भविष्य अन्धकार हुने,
- बालअधिकारको उल्लंघन हुन्छ,

**त्यसैलेः**

- बालश्रमको विरोध गरौं,
- शिक्षाको पहुँच सबैमा सुनिश्चित गरौं,
- गरिबी निवारणमा सहयोग गरौं,
- बालश्रम गराउनेलाई कनुनी कारबाही गर्न सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ